# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११९ | काठमाडौं | बिहीबार, ०४ भदौ २०८३ | Prabhab National Daily | Thursday, 20 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ /-


# राप्रपा केन्द्रको निर्णयले रोकियो
## बागमतीको मुख्यमन्त्री नियुक्ति



नेकपा एमालेका प्रदेशसभा सदस्य किरण थापामगरलाई मुख्यमन्त्री बनाउन बागमती प्रदेशप्रमुखसमक्ष बुधबार प्रस्ताव बुझाउँदै एमाले, नेकपा र राप्रपाका सांसदहरू । *तस्बिरः सामाजिक सञ्जालबाट*



बागमती प्रदेशसभामा सरकार निर्माण प्रक्रियामा राप्रपाको कुनै दललाई समर्थन छैन । मुख्यमन्त्रीका लागि नेकपा एमालेका किरण थापाको समर्थनमा बुझाइएको पत्र पार्टी निर्णयविपरीत हो ।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा



राप्रपा पनि जिम्मेवार बन्नुपर्छ । हामीलाई यतिबेला भूमिका खेल्नुस् भन्ने जनताको आशय छ । मन्त्री हुने साथीहरूको प्रेसर, दलको दबाबका कारण उन्मुक्ति हुने ठाउँ कतै छैन ।

**उद्धव थापा**
राप्रपा संसदीय दलका नेता, बागमती प्रदेश


■ प्रभाव संवाददाता


**काठमाडौं–** नेपाली कांग्रेसले सत्ता छाडेसँगै बागमती प्रदेशमा नेकपा एमाले आफ्नो नेतृत्वमा सरकार गठनको तयारीमा छ । यसका लागि एमालेले आन्तरिक भागबण्डा मिलाएर किरण थापामगरलाई मुख्यमन्त्रीमा अघि सारेको छ ।

संसदीय दलको नेतामा जगन्नाथ थपलियालाई चित्त बुझाएर थापामगरलाई मुख्यमन्त्रीमा बुधबार नै शपथ खुवाउने प्रयास गरे पनि यो सफल हुन सकेन । एमालेका २५, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का २६ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १२ सहित ६३ सांसदको समर्थनसहित किरणले प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष बुधबार दाबी पेस गरेका हुन् ।

कूल १०४ सांसद रहेको बागमती प्रदेशसभामा मुख्यमन्त्री बन्न ५३ जना प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ । एमाले र नेकपाको जोड्दा ५१ मात्र सदस्य पुग्ने भएकोले राप्रपाको पनि साथ खोजेको हो । यद्यपि, राप्रपा प्रदेशको समर्थनमा केन्द्रले अंकुश लगाउँदा शपथ रोकिएको छ ।


क्रमशः पृष्ठ २ मा


### यस्तो छ भागबण्डा

बागमती सरकार गठनका लागि नेकपा एमालेका किरण थापामगरले दाबी गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कारण शपथ भने आज (बिहीबार) मात्र हुने भएको बताइएको छ । तीन दलबीच एक सभामुखसहित आठ मन्त्रालयको भागबण्डासमेत टुंगिएको बताइएको छ ।

प्रदेशको रिक्त रहेको सभामुख पद नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पाउने निर्णय भएको छ भने एमालेबाट उपसभामुख कायम रहने छ । मन्त्रालयतर्फ एमालेले मुख्यमन्त्रीसहित तीन, नेकपाले दुई मन्त्रालय र राप्रपाले तीन मन्त्रालय पाउनेगरी भागबण्डा टुंग्याइएको सरकार निर्माणमा सक्रिय रहेका एक प्रदेशसभा सदस्यले बताए ।


क्रमशः पृष्ठ २ मा


सांसद-मन्त्रीलाई रविको 'क्लास'

# पाँच वर्षको राजनीति नगर्न निर्देशन


■ जेबी योञ्जन


- सांसद-मन्त्रीलाई गम्भीर र जिम्मेवार बन्न निर्देशन
- पाँच वर्षका लागिमात्रै राजनीति गर्ने सोच नराख्न चेतावनी
- गृह, उद्योग र कृषिसहितका मन्त्रालयको कार्यसम्पादनमा प्रश्न
- मन्त्री फेरिँदैन, कार्यशैली फेर्छौं
- सांसद, मन्त्री र सरकारबीच संवाद र सहकार्य बढाउन निर्देशन



**काठमाडौं–** प्रधानमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता बालेन्द्र शाहले संसदीय दलको बैठकमा रुचि नदेखाएपछि पार्टी सभापति रवि लामिछानेले बुधबार सरकारका मन्त्री र सांसदलाई एकै ठाउँमा राखेर छलफल गरेका छन् ।

सरकार गठन भएपछि पहिलोपटक रास्वपाका मन्त्री र सांसदलाई एकै ठाउँमा राखेर गरिएको छलफलको मुख्य विषय थियो- सरकारको कामप्रति पार्टीभित्रै बढ्दै गएको असन्तुष्टि र मन्त्री-सांसदबीच कमजोर बन्दै गएको समन्वय ।

पार्टीभित्रैका सांसदहरूले मन्त्रीहरूको कार्यसम्पादनमाथि प्रश्न उठाउन थालेपछि लामिछानेले सबै मन्त्री र सांसदलाई बोलाएर उनीहरूका गुनासा सुनेका हुन् । बैठकमा सांसदहरूले मन्त्रीहरूले आफूहरूका कुरा नसुन्ने, भेटघाटमा सहजता नदेखाउने र निर्वाचन क्षेत्रका समस्या समाधानमा पर्याप्त चासो नदिएको गुनासो गरेका थिए ।

यद्यपि, दलका नेता शाह अनुपस्थित रहेकाले उक्त कार्यक्रमलाई संसदीय दलको बैठक नभनी 'छलफल' भनिएको थियो । बुधबार बिहान पौने १२ बजे सुरु भएको छलफल पौने ३ बजेसम्म चलेको थियो । रास्वपा संसदीय दलको नेता चयनसम्बन्धी निर्णय गर्न गत चैत १३ गते बैठक बसेपछि शाहले दलको अर्को बैठक राखेका छैनन् । त्यसयता दलको बैठक बसाउन पनि प्रधानमन्त्रीको अनुमति लिनुपर्ने अवस्था रहेको रास्वपाका नेताहरू बताउँछन् ।

यही पृष्ठभूमिमा बुधबारको छलफललाई रास्वपाभित्र सरकार सञ्चालन र पार्टी व्यवस्थापनमा देखिन थालेका समस्या सम्बोधन गर्ने प्रयासका रूपमा हेरिएको छ । छलफलमा सांसदहरूले गृह, उद्योग, कृषिलगायत मन्त्रालयको कामकारबाहीबारे असन्तुष्टि राखेका थिए । मन्त्रीहरूले पनि आफ्नै पार्टीका सांसदहरूले विपक्षी दलभन्दा चर्को रूपमा सरकारको आलोचना गरेको गुनासो गरेका थिए ।

दुवै पक्षको कुरा सुनेपछि लामिछानेले तत्काल मन्त्री हेरफेरभन्दा कार्यशैली सुधारमा जोड दिए । 'कार्यशैली परिवर्तन हुन्छ, मन्त्री फेरिँदैन,' लामिछानेले भनेका थिए ।

उनले पार्टीभित्र, सरकार सञ्चालनमा र संसदीय अभ्यासमा समस्या देखिएको स्वीकार गर्दै त्यसको सामूहिकरूपमा सामना गर्नुपर्ने बताए । 'सबै समस्याको सामूहिक सामना गरौं,' उनको निर्देशन थियो ।

मन्त्रीहरूको काममा कमजोरी देखिए प्रमाणसहित पार्टी सभापतिको सचिवालयमा जानकारी गराउन पनि उनले सांसदहरूलाई निर्देशन दिए । 'मन्त्रीहरूबाट कुनै गलत काम भएको भेटिएमा लिखितरूपमा प्रमाणसहित सभापतिको सचिवालयमा जानकारी सांसदहरूले दिनुहोला,' लामिछानेले भने ।

तर, सांसदहरूले उठाएका समस्या सम्बोधन नगर्ने छुट मन्त्रीहरूलाई पनि नभएको उनले स्पष्ट पारे । सांसदहरूले लिएर आउने समस्या गम्भीर रूपमा सुनेर समाधान गर्न मन्त्रीहरूलाई उनले निर्देशन दिए । 'मन्त्रीहरूसँग सांसदहरूले उठाएको कुरा र लिएर आउने समस्यालाई ठीक ढंगले सम्बोधन गर्नुस्,' लामिछानेको भनाइ उद्धृत गर्दै एक सांसदले प्रभावसँग भने ।

रास्वपाभित्र पछिल्लो समय मन्त्री र सांसदबीचको दूरी बढेको गुनासो सार्वजनिकरूपमा आउन थालेको थियो । सांसदहरूले प्रधानमन्त्रीलाई भेट्नसमेत सहज नभएको र पार्टीले दिएको निर्देशन कार्यान्वयनमा समस्या देखिएको बताएका थिए । लामिछानेले यस्तो अवस्था थप बढ्न दिन नहुने बताए । 'सांसद, दल र सरकारबीचको समन्वय अझ प्रगाढ बनाऔं,' उनले भने ।

लामिछानेले सरकारको बलियो जनमतसँगै जिम्मेवारी पनि त्यति नै ठूलो रहेको स्मरण गराए । झण्डै दुईतिहाइ जनमतसहित बनेको सरकार इतिहासकै बलियो सरकार भएको उनको दाबी थियो । तर, सरकार जति शक्तिशाली छ, प्रतिपक्ष पनि त्यति नै एकताबद्ध रहेको उनको विश्लेषण थियो । 'सरकार जति शक्तिशाली छ, त्यसैगरी इतिहासमै प्रतिपक्ष एक भएका छन्,' उनले भने ।

> राजनीति पाँच वर्षमात्रै गर्ने हो भने फूलमाला लगाएर बिदाइ गरिदिन्छु । लगानीविना बाटोमा पद भेटेजस्तो लाग्छ भने केही भन्न सकिन्न ।
>
> **रवि लामिछाने**
> सभापति, रास्वपा


क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

आन्दोलन स्थगनपछि संघमाथि उठ्यो प्रश्न

# लोकतान्त्रिक एसोसिएसन र महिला संघले मागे एक्कासि आन्दोलन स्थगन गर्नुको कारण

हामीले दिएका सुझावमा सरसल्लाह नगर्ने, व्यवसायीलाई आन्दोलनमा ल्याउने तर व्यवसायीको म्याण्डेटविपरीत अमुक निर्णय ल्याएर सुनाउने कुरा एसोसिएसनलाई स्वीकार्य छैन ।

**सुमनराज पाण्डे**
महासचिव, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन

सबै घटक संस्थाले आन्दोलन गर्नु भनेर संघलाई जिम्मेवारी सुम्पिएपछि स्थगित गर्दा एकपटक सोध्न पर्दैन ? मन्त्रालयमा गएपछि तुरून्तै कार्यान्वयनमा आउने के समाधान लिएर आउनुभयो ?

**तारा रेग्मी**
उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघ

नेपाल सरकारको श्रम मन्त्रालयको मन्त्रीज्यूले नै भनेको कुरालाई त मान्नपर्ने होला नि ! व्यवसायीको माग ६० दिनभित्र पूरा गर्छु भनेर मन्त्रालयको शाखा प्रमुखले मिडियामा भन्नुभएको छ । यसलाई सकारात्मकरूपमा लिनुपर्छ ।

**हिराबहादुर डाँगी**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




■ ममता थापा


**काठमाडौं–** नीतिगत सुधारको मागसहित गत साउन २२ गतेदेखि सुरु भएको आन्दोलन स्थगन गरिएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघमाथि घटक संस्थाहरूले नै प्रश्न उठाएका छन् । उनीहरूले अकस्मात सरकारसँग सम्झौता गरेर आन्दोलन स्थगन गर्नुको कारण मागेका हुन् ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघले बुधबार जवाफ माग्दै संघको नेतृत्वलाई पत्र बुझाएका छन् । दुवै संस्थाले मन्त्रालयमा भएको छलफल र सरकारसँग भएका सहमतिबारे स्पष्ट पार्न माग गरेका छन् ।

सम्पूर्ण व्यवसायीले संघको आह्वान स्वीकार्दै आन्दोलनमा होमिएको अवस्थामा ठोस निकास ननिकाली आन्दोलन स्थगित गर्नु अव्यावहारिक देखिएको एसोसिएसनको दाबी छ । पत्र बुझाउँदै एसोसिएसनका महासचिव सुमनराज पाण्डेले समग्र व्यवसायीको मुद्दामा संघले एकलौटी निर्णय गरेको भन्दै आपत्ति जनाए । आगामी दिनमा संघले सहकार्य नगरे एसोसिएसन आफैं आन्दोलनको नेतृत्व लिने उनको चेतावनी छ ।

'हामीले दिएका सुझावमा सरसल्लाह नगर्ने, पत्रकार सम्मेलन गर्ने, व्यवसायीलाई आन्दोलनमा ल्याउने तर व्यवसायीको म्याण्डेटविपरीत अमुक निर्णय ल्याएर सुनाउने कुरा एसोसिएसनलाई स्वीकार्य छैन,' उनले भने, 'संघलाई विनम्र रूपमा चेतावनी दिन चाहन्छौं, भोलिका दिनमा यस्तै प्रवृत्ति हाबी हुने हो भने लोकतान्त्रिक एसोसिएसन व्यवसायीका मुद्दा आफैं उठाएर अगाडि जान सक्छ ।'

पत्र बुझाएपछि भएको छलफलमा संघका निवर्तमान अध्यक्ष भुवनसिंह गुरुङले संघको आन्दोलन अपरिपक्व भएको आरोप लगाए । अघिल्लो दिन कार्यालय बन्द गरेर आन्दोलन गर्न आह्वान गरेर भोलिपल्टै स्थगित गर्दा व्यवसायीमा थप अन्योल सिर्जना गरेको उनको भनाइ छ ।

'यो आन्दोलन आलोकाँचो भयो । पहिला यो आन्दोलन हो कि अभियान हो भन्नेमा संघ स्पष्ट हुनपर्‍यो । आन्दोलन हो भने संघर्षका कार्यक्रम हुन्छन्,' गुरुङले भने, 'अघिल्लो दिन रातको १२ बजे बन्द भयो भन्ने त्यसपछि भोलि छैन । यसले व्यवसायीमा भ्रम सिर्जना गर्छ ।'


क्रमशः पृष्ठ २ मा



## नागरिकमैत्री: सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमश:

## पाँच वर्षको...

त्यसैले सरकारको लोकप्रियता भाषण र प्रचारबाट होइन, परिणामबाट प्रमाणित गर्नुपर्ने उनको जोड थियो । 'जनताले परिणाम खोजेका छन् । प्रचारभन्दा परिणाममुखी काममा ध्यान दिनुहोस्,' लामिछानेले सांसद र मन्त्रीलाई भने ।

उनले रास्वपाका सांसदहरूलाई संसद् बैठकमा नियमित उपस्थित हुन पनि निर्देशन दिए । आफ्नै नेतृत्वमा संसद् नियमावली बनाउने, पारित गर्ने तर त्यसको पालना नगर्ने प्रवृत्ति स्वीकार्य नहुने उनको भनाइ थियो । 'सदनमा नियमित हुनैपर्छ, संसद् नियमावली आफैं बनाउने, पास गर्ने अनि पालना नगर्ने भन्ने हुन्न,' उनले भने ।

पार्टीका सांसद र मन्त्रीलाई आफ्नो गतिविधि पारदर्शी बनाउन पनि लामिछानेले निर्देशन दिए । संसद्मा बोल्ने विषय, भ्रमण, भेटघाटलगायत गतिविधिबारे पार्टीलाई जानकारी गराउनुपर्ने उनको भनाइ थियो । पार्टीभित्र अराजकता बढ्न नदिन सांसदहरूलाई गुगल फाराममार्फत गतिविधिको विवरण राख्ने व्यवस्था गरिएको उनले जानकारी गराए ।

पार्टीले नियुक्त गरेका व्यक्तिहरूको विषयमा भइरहेको आलोचनाप्रति पनि लामिछानेले मन्त्रीहरूलाई सचेत गराए । नियुक्ति र मनोनयनमा विधि तथा प्रक्रिया मिचिएको र संविधानअनुसार समानुपातिक तथा समावेशी प्रतिनिधित्व नगराइएको आरोपबारे गम्भीर हुन उनले निर्देशन दिए । 'मेरिटोक्रेसी र इन्क्लुजनलाई सँगसँगै अघि बढाउनुस्,' उनको निर्देशन थियो ।

रास्वपा अझै पूर्णरूपमा संस्थागत राजनीतिक दल बनिनसकेको स्वयं लामिछानेले स्वीकार गरे । विभिन्न पृष्ठभूमिबाट आएका व्यक्ति जोडिएर बनेको पार्टी भएकाले राजनीतिक संस्कार, संगठन र संसदीय अभ्यास स्थापित गर्न समय लाग्ने उनको भनाइ थियो । 'राजनीतिक दल बन्न निश्चित समय लाग्छ । हामी भएकै संरचनामा टिकौं,' उनले भने ।

लामिछानेले पार्टीलाई पाँच वर्षका लागिमात्र प्राप्त अवसरका रूपमा नलिन पनि चेतावनी दिए । 'राजनीति पाँच वर्षमात्रै गर्ने हो भने फूलमाला लगाएर बिदाइ गरिदिन्छु,' लामिछानेले भने, 'लगानीविना बाटोमा पद भेटेजस्तो लाग्छ भने केही भन्न सकिन्न ।'

लामिछानेले पछिल्लो समय रास्वपाप्रति आममानिसको आकर्षण बढिरहेको दाबी पनि गरे । पार्टीको आलोचना गर्नेहरू नै अहिले रास्वपाको प्रतीक घण्टीभन्दा ठूलो घण्टी बोकेर हिँड्न थालेको उनको टिप्पणी थियो । ग्यास अभावको विषय पनि छलफलमा उठेको थियो । उद्योगमन्त्रीले आधा सिलिण्डरका कारण केही समस्या देखिएको जानकारी दिँदै केही दिनमै समस्या समाधान हुने बताएकी थिइन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ग्यास खरिदका लागि ३२ अर्ब रूपैयाँ छुट्याइएको जानकारी दिँदै अन्तर्राष्ट्रिय परिस्थितिका कारण आगामी दिनमा थप बजेट आवश्यक पर्न सक्ने बताएका थिए ।

छलफलको अन्त्यमा रास्वपा संघीय संसदीय दलको विधान समयानुकूल संशोधन गर्न आवश्यक रहेको भन्दै मुख्य सचेतक कविन्द्र बुर्लाकोटीको संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरिएको छ । कार्यदलमा प्रकाशचन्द्र परियार, क्रान्तिशिखा धिताल र गणेश कार्की सदस्य छन् ।

वालेन्द्र कवि हो, छैन एक्लो

प्रधानमन्त्री शाहप्रति सभापति लामिछानेले टिप्पणी गरेका छन् । उनले वालेन्द्र कवि पनि भएको भन्दै उनी एक्लो नभएको बताए । बुधबार संसदीय दलको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले प्रधानमन्त्री शाहले एक्लो भएको भनेर लेखिएको विषयमा गलत अर्थ नलगाउन पनि आग्रह गरे ।

'उहाँ (प्रधानमन्त्री) कवि पनि हो नि त । कलाकार पनि पनि हुनुहुन्छ । यत्रो भीडमा पनि आज मैले एक्लो महसुस गर्न सक्दिन त ? सक्छ नि । त्यसकारण त्यस्तो होइन, हरेक शब्दका अर्थ खोज्न गयौं भने कतै पुगिँदैन,' उनले भने ।

लामिछानेले प्रधानमन्त्री र आफूबीचको सम्बन्ध अटुट भएको दाबी पनि गरे ।

■■■

## राप्रपा केन्द्रको...

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आफ्नो दलले कुनै दललाई समर्थन नगर्ने बताएका छन् । 'बागमती प्रदेशसभामा सरकार निर्माण प्रक्रियामा राप्रपाको कुनै दललाई समर्थन छैन । मुख्यमन्त्रीका लागि नेकपा एमालेका किरण थापाको समर्थनमा बुझाइएको पत्र पार्टी निर्णयविपरीत हो,' लिङ्देनले भनेका छन् । पार्टीको निर्णयविपरीत क्रियाकलापमा संलग्नलाई अनुशासनको कारबाही प्रक्रिया प्रारम्भ भइसकेकोसमेत लिङ्देनले बताए ।

योसँगै किरणको मुख्यमन्त्री हुने बाटो अप्ठेरोमा परेको छ । यद्यपि राप्रपा बागमती प्रदेश संसदीय दलका नेता थापाले भने किरणको मुख्यमन्त्री बन्ने प्रक्रिया नरोकिने दाबी गरेका छन् । उनले नेकपा एमाले र नेकपाको सरकारलाई दिएको समर्थन कायमै रहेको बताएका छन् । 'राप्रपा पनि जिम्मेवार बन्नुपर्छ । हामीलाई यतिबेला भूमिका खेल्नुस् भन्ने जनताको आशय छ । मन्त्री हुने साथीहरूको प्रेसर, दलको दबाबका कारण उन्मुक्ति हुने ठाउँ कतै छैन,' नेता थापाले भने ।

### किरण थापाविरुद्ध अविश्वासको प्रस्ताव

राप्रपाले बागमती प्रदेश संसदीय दलका नेता थापालाई हटाउने तयारी गरेको छ । पार्टी हितविपरीत कार्य गरेको भन्दै बहुमत सांसदको हस्ताक्षरसहित थापालाई दलको नेताबाट हटाउने प्रक्रिया अघि बढेको राप्रपा बागमती प्रदेशकी प्रमुख सचेतक कुमारी तामाङले बताइन् । संसदीय दलका नेता थापाविरुद्ध भदौ १ गते नै अविश्वासको प्रस्ताव दर्ता भएको जानकारी गराउँदै उनले प्रदेशप्रमुखसमक्ष बुधबार नै पत्र पठाएका छन् ।

संसदीय दलको नेताको कदमप्रति आपत्ति जनाउँदै दलका नेता थापाले पेस गरेको पत्रमा कुनै कारबाही अगाडि नबढाउन प्रदेशप्रमुखसमक्ष आग्रह गरेकी छन् । उनले बुधबार बागमतीका प्रदेशप्रमुखलाई पत्र लेख्दै राप्रपा बागमती प्रदेश संसदीय दलका नेता थापाले दलको बैठक नै नबसी मनोमानी ढंगले एमालेका बागमती प्रदेशसभा सदस्य थापामगरलाई मुख्यमन्त्रीमा समर्थन गर्न व्यक्तिगत लेटर प्याड प्रयोग गरी प्रदेश प्रमुखसमक्ष पत्र बुझाएकोप्रति गम्भीर आपत्ति जनाएकी हुन् । संसदीय दलका नेता थापाविरुद्ध दर्ता गरिएको अविश्वासको प्रस्तावको पक्षमा आठ सांसदको हस्ताक्षर रहेको बताइएको छ ।

बुधबार एमालेका नेता किरण थापालाई मुख्यमन्त्रीको दाबी पेस गर्न राप्रपाका १२ जना सांसदकै समर्थन रहेको उल्लेख गर्दै थापाले समर्थन जनाएका थिए । उनको गतिविधिले अनुशासन उल्लंघन गरेको भन्दै राप्रपा केन्द्रीय कमिटीले १२ घण्टे लिखित स्पष्टीकरण समेत माग गरेको छ ।

■■■

## यस्तो छ...

उनका अनुसार हाल प्रदेशमा कायम रहेका आठ मन्त्रालयको भागबण्डामा नेकपाले सभामुख र दुई मन्त्रालय लिने, एमालेले मुख्यमन्त्रीसहित तीन मन्त्रालय र राप्रपाले तीन मन्त्रालय पाउने सहमति भएको छ । एमालेबाट तत्काल मुख्यमन्त्रीमात्र सरकारको नेतृत्व गर्ने छन् भने नेकपाबाट सरल सहयात्रीको नेतृत्वमा सरकारमा सहभागी हुने तयारी भएको एमालेका अर्का प्रदेशसभा सदस्यले बताए । ती सदस्यका अनुसार नेकपाले सहयात्रीलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारीमा पठाउने तयारी गरेको र मुख्यमन्त्रीसँगै उनले शपथ ग्रहण गर्ने छन् ।

राप्रपाबाट भने तीन जना मन्त्री सरकारमा सहभागी हुनेगरी तयारी भएको उनले बताए । राप्रपाले प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यलाई मन्त्रीमा पठाउने तयारी गरेको उनको भनाइ छ । राप्रपाले प्रत्यक्ष निर्वाचित पाँच जना प्रदेशसभा सदस्यमध्ये दल नेता मन्त्री नबन्ने र नुरज बज्राचार्य संसदीय समितिको सभापति रहेकाले उनलाई पनि मन्त्री नपठाउने भएको उनले बताए ।

राप्रपाले प्रत्यक्ष निर्वाचित संसदीय दलका उपनेता गिरबहादुर तामाङको नेतृत्वमा सरकारमा सहभागिता जनाउने र उनले स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी लिने तयारी रहेको छ । तामाङसँगै प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य राजु विष्टलाई कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय र राजेन्द्र प्रजापतिलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारीमा पठाउने तयारी रहेको उनले बताए । एमालेका दुई र नेकपाको एक मन्त्री तथा सभामुखबारे केही दिनमा टुंगो लाग्ने उनको भनाइ छ । बागमती प्रदेशको मन्त्रिपरिषद् पूर्णता दिन केही दिन लाग्ने र प्रदेशको प्रशासनिक पुनर्संरचनासमेत केही फेरबदल हुने उनले बताए ।

■■■

## लोकतान्त्रिक...

सो क्रममा महिला व्यवसायी संघकी उपाध्यक्ष तारा रेग्मीले छलफलबाटै समस्या समाधान हुन्थ्यो भने किन आन्दोलनमा जान बाध्य पारियो भन्दै प्रश्न गरिन् । आन्दोलनमा होमिएपछि एक चरणको वार्ताबाटै संघर्षका कार्यक्रम रोक्नु उचित नभएको उनको भनाइ थियो । आन्दोलन सुरु गर्दा व्यवसायीको म्याण्डेट लिने तर स्थगित गर्न व्यवसायीको सल्लाह सुझाव आवश्यक नपर्ने हो ? भन्दै रेग्मीले संघलाई प्रश्न गरेकी थिइन् ।

'सबै घटक संस्थाले आन्दोलन गर्नु भनेर संघलाई जिम्मेवारी सुम्पिएपछि स्थगित गर्दा एकपटक सोध्न पर्दैन ? मन्त्रालयमा गएपछि तुरुन्तै कार्यान्वयनमा आउने के समाधान लिएर आउनुभयो ?,' रेग्मीको प्रश्न थियो ।

दुवै घटक संस्थाले सरकारले जनाएको प्रतिबद्धता स्वागतयोग्य भए पनि प्रतिबद्धता र वास्तविक कार्यान्वयनबीच ठूलो अन्तर रहेको जनाएका छन् ।

यता संघले भने सरकारको मन्त्रीस्तरबाट आएको प्रतिबद्धतालाई विश्वास गर्नुपर्ने जवाफ दिएको छ । व्यवसायीका सबै मागमाथि छलफल गरेपछि ६० दिनभित्र पूरा गर्ने प्रतिबद्धता सार्वजनिकरूपमा आएपछि त्यसमा विश्वास गर्नु नै उचित विकल्प भएको संघका महासचिव हिराबहादुर डाँगीले बताए । एसोसिएसनसँग प्रश्न गर्न पाउने अधिकार भएकाले त्यसलाई सकारात्मकरूपमा लिने उनको भनाइ छ ।

'नेपाल सरकारको श्रम मन्त्रालयको मन्त्रीज्यूले नै भनेको कुरालाई त मान्नपर्ने होला नि ! व्यवसायीको माग ६० दिनभित्र पूरा गर्छु भनेर मन्त्रालयको शाखा प्रमुखले मिडियामा भन्नुभएको छ,' महासचिव डाँगीले भने, 'एसोसिएसन विपक्षमा भएकाले उहाँहरूले प्रश्न सोध्न पाउने खबरदारी गर्न पाउने अधिकार छ । यसलाई सकारात्मकरूपमा लिनुपर्छ ।'

यसबीचमा संघले श्रमिक भर्ना प्रक्रियामा देखिएका त्रुटिहरूको सूक्ष्म अध्ययन थाल्दै विभिन्न निकायसँग छलफल अघि बढाएको महासचिव डाँगीले बताए । वैदेशिक रोजगार विभागले पनि व्यवसायीका व्यावहारिक विषयलाई मध्यनजर गर्दै हदैसम्म सहजीकरण गर्ने प्रतिबद्धता जनाएको उनको भनाइ छ ।

संघले नीतिगत सुधार र म्यानपावर कम्पनीहरूमाथिको कारबाही फिर्ता हुनुपर्नेलगायतका १५ बुँदे माग राख्दै गत साउन २२ गतेदेखि स्वीकृति लिन बन्द गरेर संघर्ष थालेको थियो । सोही क्रममा भदौ १ गतेदेखि पूर्णरूपमा व्यवसाय बन्दको घोषणा गरेको थियो । भदौ १ गते नै मन्त्रालयमा भएको छलफलपछि संघले आन्दोलन स्थगन गरेको थियो ।


### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०५/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान १७८ को ६५३.९६ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मुलखोला सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–१, मकवानपुर**

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०५/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ७४ को ५४५.०४ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अँधेरी जितेदमार सामुदायिक वन उपभोक्ता समूह**
**बकैया –३, मकवानपुर**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०६२/०८/२३ मा दर्ता भएको **प्रा. लि. नं. ३७१९९** को **ग्लोबल भिलेज प्रा. लि.** को मिति २०८३/०५/०३ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नारायण प्रसाद रेग्मी (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ६१८, फोन नं. ९८५११९०७९४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०६३/१२/२७ मा दर्ता भएको **प्रा. लि. नं. ९२२९७** को **नेपाल गल्फ जोन प्रा. लि.** को मिति २०८३/०५/०३ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नारायण प्रसाद रेग्मी (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ६१८, फोन नं. ९८५११९०७९४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

मिति २०८३/०५/०४ गते

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/२७ मा दर्ता कायम भएको Inl6n :6f/ 0Ëln ; af]8Ë :sh vf]fË k|fln= (प्रा.लि.नं.१४३७७८/०७२/०७३) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०३ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत प्रमाण पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**
**मिति २०८३/०५/०४ गते**

यस विभागबाट वैदेशिक रोजागार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Index Recruitment Pvt. Ltd. (इ.प.नं. १५४३/०७८/७९) काठमाडौंको झापा जिल्ला देवीमाया दमक नगरपालिका वडा नं.५ मा रहेको शाखा कार्यालयका शाखा प्रमुख खनाललाई नियुक्ति गरी संचालनमा रहेको उक्त शाखा कार्यालय को अनुमति पत्र रद्द गरी धरौटी रकम फिर्ता गर्नका लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम यो सूचना प्रकाशित शाखा कार्यालयको अनुमति रद्द गर्दा कोही कसैलाई मर्का पर्ने भएमा भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७३/०२/०९ मा दर्ता भएको **प्रा. लि. नं. १४९७०३** को **सेल केयर मोवाईल प्रा. लि.** को मिति २०८३/०५/०१ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सन्तोष राना मगर (लिक्वीडेटर)**
**इजाजत पत्र नं. १६५, फोन नं. ९८४१५२७४२२, ९८१३२४४६५५**

### मलेसियामा रोजगार

कम्पनी : AT GUARDS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 321537 | चलानी नं. ६०२३५६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 15 | 0 | 1700 | ६४,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम इजाजत नं. ६८४/०६३/०६४

### साउदीमा रोजगार

कम्पनी : Gulf Brightness General contracting Est

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346750 | चलानी नं. ६०२५९९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 6 | 0 | 1300 | ५३,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874, 9703939909, E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com
श्रम इजाजत नं. १६४८/०८०/०८१

### कतारमा रोजगार

कम्पनी : Sda Al-swt Trading Contracting And Services

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 318107 | चलानी नं. ६०२३२३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 9 | 0 | 1200 | ५०,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 42 | 0 | 1000 | ४१,८६० | | | | | | | |
| 3 | Gen Clean Worker | 6 | 0 | 1000 | ४१,८६० | | | | | | | |
| 4 | Gen.clean.worker | 7 | 0 | 1000 | ४१,८६० | | | | | | | |
| 5 | Helper | 8 | 0 | 1000 | ४१,८६० | | | | | | | |
| 6 | Mason | 10 | 0 | 1200 | ५०,२३२ | | | | | | | |
| 7 | Office Boy/ Messenger | 6 | 0 | 1200 | ५०,२३२ | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2200 | ९२,०९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np
श्रम इजाजत नं. १३२८/०७४/७५

### साउदी/युएइमा रोजगार

कम्पनी : Saadia Bint Saad Al-Sabbagh Cafe

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346759 | चलानी नं. ६०२५९९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 2 | 0 | 1500 | ६१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Tirhal Employment L.L.C-branch Of Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346757 | चलानी नं. ६०२५९९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Block / Brick Mason | 25 | 0 | 1500 | ६२,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Construction Labour | 25 | 0 | 1000 | ४१,७०१ | | | | | | | |
| 3 | Carpenter | 25 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 4 | Steal Fixer | 25 | 0 | 1500 | ६२,५५२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid) , E-mail : alkausar.hrm@gmail.com

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०४ गते**

यस कम्पनीको मिति २०८३/०४/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **थर्ड आई प्रोडक्सन प्रा.लि.**को नाम परिवर्तन गरी **भेलोरा इन्टेरियर्स प्रा.लि.(दर्ता नम्बर १६४०२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/२८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मुक्तिनाथ कृषि कम्पनी लि.**
**MUKTINATH KRISHI COMPANY LTD.**
An Associate Company of Muktinath Bikas Bank

### कम्पनीद्वारा नयाँ सोलिस ट्र्याक्टरको आधिकारिक मूल्यसूची सार्वजनिक

1) Sonalika 18, 18 H.P TRACTOR ................Rs. 8,67,000/- (DC, PS, 14*9x28)

2) Solis-4720, 47 H.P TRACTOR ................ Rs. 16,00,000/- (2WD,DC, PS, 14*9x28)

3) Solis-5220, 52 H.P TRACTOR ................ Rs. 16,25,000/- (2WD, DC, PS, 14*9x28)

4) Solis-5720, 57 H.P TRACTOR ................ Rs.17,35,000/- (2WD,DC, PS, 16*9x28,8F +2R)

5) Solis-6220, 60 H.P TRACTOR ................ Rs.18,69,000/- (2WD,DC, PS, 14*9x28,12F+12F)

6) Solis-6020, 60 H.P TRACTOR ................ Rs.23,27,000/- (4WD,DC,PS,16*9x28, 12F+12R)

7) Solis-5720, 57HP Tracrtor ..................... Rs.21,27,000/- (4WD, DC,PS,16*9x28, 8F+2R)

8) Solis-7020, 70HP Tractor ....................... Rs.24,73,000/- (4WD, DC,PS,16*9x28,12F+12R)

*Prices are inclusive of all taxes.
*Price are effective from
**4th of BHADRA 2083/20 AUG 2026.**
*PS=Power Steering, MS=Manual Steering, DC=Dual Clutch, SC=Single Clutch.

**थप जानकारीका लागि:**

**मुक्तिनाथ कृषि कम्पनी लिमिटेड**
बसुन्धरा, काठमाण्डौं, फोन: ०१-४०५००९७
इमेल: info@muktinathkrishi.com

### मोटरसाइकल हराएको सूचना

श्री कर्ण बहादुर दमाईको नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८३।०३।२२ गते का.जि.टोखा न.पा. वडा.नं.०३, बसुन्धरा घर अगाडि सडक खण्ड नजिकैबाट दिनको १६ :२० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**सवारी धनीको नाम : कर्ण बहादुर दमाई**
**बाइक नं.:** Ba Pr. 02-064 PA 6966
**च्यासिस नं.:** MD2A13EX3TCK80499
**इन्जिन नं. :** DKXCTK16947
**प्रकार :** Bajaj Pulsar 220 CC FI ABS
**ठेगाना : टोखा न.पा.-३, काठमाडौं**
**सम्पर्क नं.** 9841280218

### सच्याइएको सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक ११८ भदौ ३ गते २०८३ मा प्रकाशित All Asia Overseas Pvt.Ltd का विज्ञापनमा Lot No. 346664 को Intergrande Bkc Labour Supply LLC कम्पनीमा कामदारको मासिक पारिश्रमिक नेरु.४१,६६०/- हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

# शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने सरकारको निर्णय

**काठमाडौं (प्रस)–** सरकारले संघीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको हो । निर्णयअनुसार संघीय शिक्षण सहयोग अनुदान कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक ४३ हजार ६६९ रूपैयाँबाट बढेर ४८ हजार ५८ रूपैयाँ पुगेको छ । त्यस्तै, आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक ३४ हजार ७३० रूपैयाँबाट ३८ हजार २०३ रूपैयाँ कायम भएको छ ।

यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि संघीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक पाँच हजार रूपैयाँ थप गरिएको छ । नयाँ व्यवस्थाअनुसार इसिडी सहजकर्ताको मासिक पारिश्रमिक १२ हजार रूपैयाँबाट १७ हजार रूपैयाँ, विद्यालय सहयोगीको १० हजार रूपैयाँबाट १५ हजार रूपैयाँ र लेखा हेर्ने विद्यालय कर्मचारीको १५ हजार रूपैयाँबाट २० हजार रूपैयाँ पुगेको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालयमा खट्ने विद्यालय कर्मचारी तथा इसिडी सहजकर्ताले लामो समयदेखि भोग्दै आएको समस्या समाधान गर्न पहल गरिएको बताए । उनीहरूको रोजगारी सुरक्षा र पेसागत वृद्धि तथा समग्र वृत्तिविकासमा सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।

पारिश्रमिक वृद्धि भएपछि न्यून पारिश्रमिकमा सामुदायिक विद्यालयमा कार्यरत इसिडी सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा संघीय शिक्षण सहयोग अनुदान कोटाका शिक्षक प्रत्यक्ष लाभान्वित हुने छन् । यसबाट विद्यालयमा कार्यरत जनशक्तिको मनोबल वृद्धि भई शैक्षिक गुणस्तर सुधारमा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ । पारिश्रमिक वृद्धि कार्यान्वयनपछि सरकारमाथि वार्षिक चार अर्ब ६८ करोड ९८ लाख २८ हजार रूपैयाँ थप दायित्व सिर्जना हुने छ ।

## प्रेस काउन्सिलका चार सदस्यले लिए शपथ



**काठमाडौं (प्रस)–** प्रेस काउन्सिल नेपालका नवनियुक्त चार सदस्यले बुधबार कार्यभार सुरु गरेका छन् । सञ्चारग्रामस्थित काउन्सिलमा बुधबार आयोजित एक कार्यक्रमबीच अध्यक्ष उमेश श्रेष्ठले सदस्यहरू नम्रता शर्मा, प्रकाशभक्त माथेमा, रविराज बराल र उपासना घिमिरेलाई शपथ ग्रहण गराउँदै काउन्सिलका ऐन, कानुन, विनियमावली तथा कार्यविधिलगायत सामग्री प्रदान गरे ।

अध्यक्ष श्रेष्ठले पत्रकारिता क्षेत्रका दिग्गज सदस्य पाइएको बताउँदै अब आफूहरूले केही न केही नयाँ परिवर्तन गरेरै जानुपर्ने बताए । काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले काउन्सिलको संस्थागत संस्कारकाबारेमा संक्षिप्त जानकारी गराएका थिए ।

## धर्ना बसेकाहरूको माग तत्काल समाधान गर्न सरकारलाई आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले धर्नामा रहेका बैंक, लघुवित्त, सहकारी, मिटरब्याजी प्रभावित तथा भूमिहीन सुकुम्बासीको स्वास्थोपचार, बसोबास र शान्ति सुरक्षाको उचित व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ ।

विभिन्न माग राखेर पाँच दिनदेखि ललितपुरको पुल्चोकस्थित मानवअधिकार आयोगको कार्यालय अगाडि धर्ना बसेकाहरूको माग तत्काल समाधान गर्न सरकारसँग आयोगले आग्रह गरेको हो । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा धर्नामा बसेका महिला, बालबालिका, अशक्त र ज्येष्ठ नागरिकको स्वास्थ्यमा समस्या आउन सक्ने भएकाले तत्काल माग पूरा गर्न उल्लेख छ ।

आयोगले निरन्तर अनुगमन गर्नुका साथै समस्यालाई नजिकबाट नियालिरहेको जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'धर्नामा बसेकाहरूको सुरक्षामा समेत प्रतिकूल प्रभाव पर्न सक्ने हुँदा प्रदर्शनरतको सुरक्षार्थ निजहरूलाई उचित स्थानमा स्थानान्तर गर्न र निजहरूको स्वास्थोपचार, बसोबास र शान्ति सुरक्षाको उचित व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

समस्या समाधानका लागि नेपाल सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ अभियान नेपालको तर्फबाट वार्ता टोली गठन भएकामा आयोगले यसलाई सकारात्मकरूपमा लिएको जनाएको छ । साथै, हरेक समस्याको समाधान वार्ता र संवादबाटै सम्भव भएकाले दुवैतर्फका समितिले वार्तालाई निरन्तरता दिएर समस्याको समाधान निकाल्नसमेत आयोगले अनुरोध गरेको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०२।०७ मा दर्ता भएको प्रा.लि.नं. २१५६१७ को **श्री युरो किड्स डे केयर सेन्टर ललितपुर प्रा. लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५७/०८/१३ मा दर्ता भएको **खकुरेल एण्ड कम्पनी ट्रेडिङ प्राइभेट लिमिटेड (प्रा.लि. नं. १४३६७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना**

यस कार्यालयको मिति २०६६/१२/२५ मा दर्ता भएको **प्रा. लि. नं. ७२०७२** को **लिस्ती विजनेश प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मलेसियामा रोजगार** — कम्पनी : CITICHAIR SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/04/२६ | LT. No. 346407 | चलानी नं. ६०२५९७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1700 | ६४,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

**कतारमा रोजगार** — कम्पनी : Dar Al Madaen Trading And Contracting

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346749 | चलानी नं. ६०२५९९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder General | 3 | 0 | 1200 | ५०,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Material Handling Labour | 4 | 0 | 1200 | ५०,२३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

N.B.M MANPOWER RECRUITMENT PVT LTD
KMC - 16, Balaju, Machhapokhari, Kathmandu, Nepal
Tel: 014978496, Khagendra Rijal : 9861902613, E-mail : nbmservices2025@gmail.com
Govt. License 1852/082/083

**ओमनमा रोजगार** — कम्पनी : Onsite Engineering Solution and Services SPC

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346756 | चलानी नं. ६०२५९९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 4 | 0 | 110 | ४३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 4 | 0 | 130 | ५१,७३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com
Govt. License 1284/074/75

**युएइमा रोजगार** — कम्पनी : LOTUS OILFIELD SUPPLIES LLC BRANCH OF ABU DHABI

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346764 | चलानी नं. ६०२५९९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Cleaner | 2 | 1 | 1200 | ५०,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | A Truck Driver | 1 | 0 | 1700 | ७०,८४१ | | | | | | | |
| 3. | Accountant (Male) | 1 | 0 | 2500 | १,०४,११७ | | | | | | | |
| 4. | Assistant Accountant | 0 | 1 | 2000 | ८३,३४२ | | | | | | | |
| 5. | Helper Warehouse | 3 | 0 | 1400 | ५८,३३९ | | | | | | | |
| 6. | Receptionist Female | 0 | 1 | 2000 | ८३,३४२ | | | | | | | |
| 7. | Sales Executive | 4 | 0 | 2000 | ८३,३४२ | | | | | | | |
| 8. | Storekeeper | 2 | 0 | 1500 | ६२,५०७ | | | | | | | |
| 9. | Tea Boy / Office Boy | 2 | 0 | 1500 | ६२,५०७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONCULTANT
श्रम ईजाजत नं. ५५७/०६२/६३
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: recruitment@daralkhaleej.org, Web: www.daralkhaleej.com.np

**साइप्रसमा रोजगार** — कम्पनी : Mavromatis Employment Bureau Ltd

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346597 | चलानी नं. ६०२५९९३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery | 2 | 0 | 750 | १,३२,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bartender | 3 | 0 | 750 | १,३२,८४८ | | | | | | | |
| 3 | Cook | 3 | 0 | 800 | १,४१,७०४ | | | | | | | |
| 4 | Hostess | 0 | 2 | 750 | १,३२,८४८ | | | | | | | |
| 5 | IT Officer | 2 | 0 | 800 | १,४१,७०४ | | | | | | | |
| 6 | kitchen cleaner | 3 | 0 | 750 | १,३२,८४८ | | | | | | | |
| 7 | kitchen helper | 5 | 0 | 750 | १,३२,८४८ | | | | | | | |

कम्पनी : Mavromatis Employment Bureau Ltd

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346598 | चलानी नं. ६०२५९९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 2 | 750 | १,३२,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Garderner | 2 | 0 | 800 | १,४१,७०४ | | | | | | | |
| 3 | Lifeguard | 2 | 0 | 750 | १,३२,८४८ | | | | | | | |
| 4 | Loundary | 2 | 0 | 750 | १,३२,८४८ | | | | | | | |
| 5 | Receptionist | 0 | 4 | 750 | १,३२,८४८ | | | | | | | |
| 6 | Sales | 2 | 5 | 750 | १,३२,८४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

ALI OVERSEAS PVT. LTD.
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188, Gulab Chaudhary 9765979274
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np
Govt. License 722/064/065

**युएइमा रोजगार** — कम्पनी : JEREH OIL AND GAS ENGINEERING CORPORATION

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346653 | चलानी नं. ६०२५९९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | 1700 | ७०,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steal Fixer | 10 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 3. | Crane Operator | 15 | 0 | 5500 | २,२९,३५९ | | | | | | | |
| 4. | Concrete Pump | 2 | 0 | 3000 | १,२५,१०५ | | | | | | | |
| 5. | Fuels Operator | 6 | 0 | 3800 | १,५८,४६६ | | | | | | | |
| 6. | Boom Truck Operator | 6 | 0 | 4000 | १,६६,८०६ | | | | | | | |
| 7. | Portable Water Operator | 6 | 0 | 3700 | १,५४,२९६ | | | | | | | |
| 8. | Concrete Mixer Worker | 2 | 0 | 3500 | १,४५,९५५ | | | | | | | |

कम्पनी : PIVOT ENGINEERING & GENERAL CONTRACTING COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 346654 | चलानी नं. ६०२५९९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steal Fixer | 20 | 0 | 1500 | ६२,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mason | 30 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 3. | Electrician (General) | 20 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 4. | General Plumber | 20 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 5. | Scaffolder | 10 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 6. | General Laborer | 50 | 0 | 1000 | ४१,७०१ | | | | | | | |
| 7. | Carpenter | 30 | 0 | 1500 | ६२,५५२ | | | | | | | |
| 8. | Ac Technicians | 20 | 0 | 1500 | ६२,५५२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: AKH Traning Center काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

ASIA LINK SERVICES PVT. LTD.
श्रम ईजाजत नं ११९/०५५/०५६
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



# मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.
An Associate Company of Muktinath Bikas Bank

**गोदाम तथा ढुवानी व्यवस्थापन एवं कामदार व्यवस्थापन सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८३/०५/०४**

मुक्तिनाथ कृषि कम्पनी लिमिटेड तथा यसका सहायक कम्पनीहरूसँग सम्बन्धित विभिन्न मालसामानको ढुवानी, लोड/अनलोड तथा गोदाम व्यवस्थापनसम्बन्धी कार्यहरू व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्न इच्छुक ढुवानी/लजिस्टिक कम्पनी, कामदार व्यवस्थापन कम्पनी तथा स्टोर/गोदाम व्यवस्थापनसम्बन्धी कम्पनीहरूबाट प्रस्ताव तथा विवरण माग गरिएको छ ।

**आवश्यक कार्यको विवरण**

**१. नेपाल/भारत तथा तेस्रो मुलुकबाट हुने सम्पूर्ण ढुवानीसम्बन्धी कार्य**
- आयातित तथा स्थानीय मालसामानको ढुवानी व्यवस्थापन
- नेपाल तथा भारतबाट हुने ढुवानी सम्बन्धी सम्पूर्ण कार्य
- आवश्यकतानुसार अन्य मुलुकबाट हुने ढुवानी व्यवस्थापन
- सम्बन्धित लजिस्टिक तथा यातायात व्यवस्थापन सम्बन्धी अन्य कार्यहरू

**२. गोदाम/वेयरहाउस तथा उत्पादन कारखानामा हुने लोड/अनलोड सम्बन्धी कार्य**
- मालसामान लोड तथा अनलोड गर्ने कार्य
- आवश्यक कामदार/लेबर व्यवस्थापन
- कामदार परिचालन तथा व्यवस्थापन
- गोदाम तथा उत्पादन कारखानामा आवश्यक अन्य श्रम व्यवस्थापन सम्बन्धी कार्य

**३. अन्य ढुवानी तथा लजिस्टिक सम्बन्धी कार्यहरू**
- कम्पनीको आवश्यकता तथा कार्य प्रकृति अनुसार आवश्यक अन्य ढुवानी, लजिस्टिक तथा स्टोर व्यवस्थापन सम्बन्धी सेवाहरू ।

**प्रस्ताव पेश गर्ने सम्बन्धमा**

उपरोक्त कार्यहरूमा सेवा प्रदान गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीहरूले आफ्नो विस्तृत प्रस्ताव सहितको विवरण यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कम्पनीको केन्द्रीय कार्यालय तथा सम्बन्धित प्रदेश/क्षेत्रीय कार्यालयहरूमा बुझाउनु हुन अनुरोध गरिन्छ । प्रस्तावमा कम्पनीको परिचय, अनुभव, उपलब्ध सेवा तथा साधन, कार्यक्षेत्र, दररेट तथा अन्य आवश्यक विवरणहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी कम्पनीको आवश्यकता, सेवा गुणस्तर, अनुभव, क्षमता तथा प्रतिस्पर्धात्मक दररेटका आधारमा उपयुक्त सेवा प्रदायक छनोट गरिनेछ ।

**थप जानकारीका लागिः**
बसुन्धरा, काठमाण्डौं, फोनः ९८०२३५०१२५ / ०१-४९५००९७
इमेलः info@muktinathkrishi.com



**प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौंका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई धितोमा रहेको सवारी साधन बुझाउन ल्याउने तथा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०५/०४ गते बिहिबार प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले कर्जा असुलीका लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको तथा धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंककमा बुझाउन अनुरोध गरिएकोमा धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई नबुझाएको र बैंक आफैले खोजतलास गर्दा समेत फेला नपरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न सम्वन्धित ऋणीलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । अतः यो सूचना प्रकाशित भएको मितिल ३५ दिन भित्र तपसलिमा उल्लेखित धितोमा रहेको सवारी साधन बुझाउनु हुन तथा बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन तपाइँ ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधि भित्र धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई नबुझाएमा तथा बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाई ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईन सकिने र उक्त सवारी साधन गायव बनाएको मानी बैंकले लेना रकम असुल उपर गर्न तहाँको अन्य कुनै वा सबै सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ता समेतबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **ऋणी : सूर्य बहादुर तमाङ** (ना.प्र.नं. २५१०५३/४७७, जारी मिति २०६८/०१/२५ जि.प्र.का. नुवाकोट) । स्थायी ठेगाना : नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. १० (साविक गेर्खु गा.वि.स. वडा नं ४) । हालको ठेगाना : काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं ५ । बाबु : रत्न बहादुर तमाङ । बाजे : नर बहादुर तमाङ । | **जमानतकर्ता : धन बहादुर तमाङ** (ना.प्र.नं. २५-०१-७२-०१२९४, जारी मिति २०७२/०३/११, जि.प्र.का. नुवाकोट) । स्थायी ठेगाना : नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. १० (साविक गेर्खु गा.वि.स. वडा नं ४) । हालको ठेगाना : काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं ५ । बाबु : रत्न बहादुर तमाङ ।, बाजे : नर बहादुर तमाङ । |

**धितो सवारी साधनको विवरण :**
धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **सूर्य बहादुर तमाङ** भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था यातायात व्यवस्था कार्यालय साना/ठुला सवारी, बागमती प्रदेश, ललितपुरमा दर्ता भएको, ईन्जिन नं. 275IDI06AZXS05344, च्यासिस नं. AT445064LZR01171 बनाउने कम्पनी टाटा मोटर्स कम्पनीको सवारी नं. प्रदेश ३-०१-०२३ च ४३८३ को निजी पिकअप थान ......१

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संघमा बढारिँदा पनि नचेतेका पुराना दल

संघमा जनमत गुमाइसकेका पुराना राजनीतिक दलहरू हिजोआज प्रदेश सत्ता हेरफेरमा लागेको छ । फागुन २१ गतेको निर्वाचनमा जनताले स्पष्ट सन्देश दिँदै सत्ताकेन्द्रित राजनीति गर्ने पुराना शक्तिहरूलाई मतपत्रमार्फत कडा सजाय दिइसकेका छन् । तर, उक्त जनमतको मर्मलाई आत्मसात् गर्नुको साटो पुराना दल पुनः प्रदेश सरकार भत्काउने र नयाँ समीकरण बनाउने धन्दामा लागेका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) जस्ता स्थापित भनिएका दलहरूले विगतका गल्तीबाट पाठ सिक्नुपर्नेमा झन् उही पुराना विकृतिहरू दोहोर्‍याइरहेका छन् । अहिले बागमती, कर्णाली, कोशी, सुदूरपश्चिम, कर्णाली प्रदेशहरूमा सत्ता समीकरण बदलिने क्रम जारी छ । बागमतीमा एमाले र नेकपालाई बहुमत नपुग्दा प्रदेश खारेजीको माग अघि सार्दै आएको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) एमालेका किरण थापामगरलाई मुख्यमन्त्रीमा समर्थन गर्ने विषयले आन्तरिक विवादमा फसेको छ । जसका कारण बागमतीमा नयाँ मुख्यमन्त्रीको नियुक्ति बुधबार हुन सकेन ।

प्रदेश तह जनतालाई घरदैलोमै सुशासन, विकास र सेवा प्रवाहको अनुभूति दिलाउनका लागि स्थापना गरिएको हो । तर, प्रदेशसभाहरू केवल सत्ताको सौदाबाजी, मन्त्री पदको बाँडफाँडको क्रिडास्थलजस्ता बनेका छन् । जनजीविकाका सवाल, महँगी, बेरोजगारी र भ्रष्टाचारजस्ता गम्भीर विषयमा छलफल हुनुपर्ने ठाउँमा केवल कसको सरकार टिकाउने र कसको ढाल्ने भन्ने राजनीतिक जोडघटाउमात्र हावी हुनुले संघीयतामाथि नै प्रश्नचिह्न खडा गरिदिएको छ ।

संघीयतामाथि प्रश्न उठिरहेको बेला संघीयता पक्षधरका दलहरूले नै यस्तो काम गर्नु निकै लाजमर्दो विषय हो । गत वर्ष भदौ २२ र २३ गते यी दलकोविरुद्ध विद्रोह भयो । फागुन २१ को निर्वाचनमा मतपेटिकामा पनि त्यो आक्रोश पोखियो । यस्तो हुँदा पनि पुराना दलहरू चेतेको देखिन्न । गुमेको जनविश्वाव फर्काउन सत्ताकेन्द्रित राजनीति त्याग्ने, जनादेशको सम्मान र आत्मसमीक्षा गर्नुपर्नेमा दलहरू आफ्ना नेतालाई मन्त्री बनाउने खेलमा लागेका छन् । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले संघमा सत्ता सञ्चालनको भेउ नपाइरहेको बेला प्रदेशले काम देखाउनुपर्नेमा पुरानै पारामा पुराना दल लागेको देखिन्छ ।

यो विल्कुलै ठीक हैन । समय छँदै पुराना दलहरूले चेत्नुपर्छ । जनमतको निरन्तर अवहेलना गरिरहेमा अबको निर्वाचनमा जनताले उनीहरूलाई पूर्णरूपमा विस्थापित गरिदिने छन् । सत्ताको खेल छाडेर जनताको सेवामा समर्पित हुनु नै पुराना दलहरूको पुनर्जीवनका लागि अन्तिम र एकमात्र विकल्प हो । यसैले सत्ताको हानथाप छाडेर पुराना दलले गफ हैन काम गर्नुपर्छ । नभए पुराना दल लोप हुन बेर छैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।

# नेपाल–जापानसम्बन्धमा जापानी भाषा र संस्कृतिको भूमिका



❑ डा. रामचन्द्र भुसाल

> नेपाली युवाहरूलाई रोजगारी चाहिएको छ । यस सन्दर्भमा हामीले संख्यात्मकमात्र नभई गुणात्मक पक्षमा ध्यान दिई नेपालबाट भाषा, संस्कृतिलगायतको ज्ञान भएका र अभिमुखीकरण तालिम लिएका युवाहरूमात्र रोजगारीका लागि जापान पठाउने भरपर्दो र दिगो प्रणालीको विकास गरी त्यही प्रणालीमार्फत नै जापान पठाउनुपर्छ । यसले हालको नेपाल जापानमैत्री सम्बन्ध भोलिका दिनमा थप मजबुत हुँदै जापान जाने नेपाली युवाहरु र जापानी समुदाय दुवैलाई सहयोग पुग्ने छ ।

नेपाल र जापानबीचको मैत्री सम्बन्ध धेरै पुरानो र महत्त्वपूर्ण छ । नेपालको विकासमा निरन्तररूपमा सहयोग गर्दै आएका मित्रराष्ट्रहरूमध्ये जापान अग्रस्थानमा छ । सन् १९५६ सेप्टेम्बर १ मा दुई देशबीचमा औपचारिकरूपमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सात दशक लामो दुईपक्षीय मित्रता आपसी हित, नेपालको विकासमा जापानको साझेदारी र दुई देशका नागरिकबीचको सम्बन्ध फराकिलो र मजबुत बनाउँदै अगाडि बढिरहेको छ । दोस्रो विश्वयुद्धमा ध्वस्त भएको जापानले आज आफूलाई सक्षम राष्ट्रको रूपमा खडा गरी विश्वका नेपाल जस्ता धेरै मुलुकको विकासमा सहयोग गरिराखेको छ ।

दुई देशबीचको मित्रताको इतिहास हेर्दा सन् १८९९ मा जापानी भिक्षु इकाई कावागुची तिब्बती बौद्ध धर्म अध्ययनको सिलसिलामा तिब्बत जाने क्रममा नेपाल आएको र नेपाल जापानको मैत्री सम्बन्ध अनौपचारिकरूपमा जापानी भिक्षु इकाई कावागुचीको नेपाल भ्रमणबाटै सुरुआत भएको देखिन्छ । नेपाल र जापानबीचमा कूटनीतिक सम्बन्ध स्थापनापश्चात् जापानले नेपालको औद्योगिक विकास, कृषि, जलविद्युत्, शिक्षा, स्वास्थ्य, मानव संसाधन र पूर्वाधार विकासलगायतका क्षेत्रमा जापानी महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । नेपाल र जापानबीचको सम्बन्ध स्थिर, दीर्घकालीन र विश्वासिलो छ भने जापानले नेपाललाई गर्दै आएको सहयोग निःस्वार्थ र निरन्तर छ । जापानले दोस्रो विश्वयुद्धपछिको कठिन परिस्थितिलाई अवसरको रूपमा लिँदै अहिले विश्वमै समृद्ध मुलुकहरूमध्ये अग्रस्थानमा रहेको छ । त्यस्तो कठिन परिस्थितिलाई पार गर्दै जापान अहिलेको अवस्थामा कसरी आइपुग्यो भन्ने थाहा पाउँदा हामीले जापानबाट सिक्नसक्ने कुराहरूको बारेमा बुझ्न सजिलो हुन्छ ।

जापानीहरूले आफ्नो देश तथा आफू जापानी हुनुमा अत्यन्त गर्व गर्ने गर्छन् । देश प्रेमको गहिरो भावमा उनीहरूको राष्ट्रिय विकास प्रतिको दृढ प्रतिबद्धता स्पष्टरूपमा देखिन्छ । उनीहरू राष्ट्रिय प्रगतिलाई सामूहिक दायित्वको रूपमा लिँदै समाजको विकासका लागि एकताबद्ध भएर परिश्रमपूर्वक काम गर्छन् । 'इमान्दारिता नै सर्वोत्तम नीति हो' भन्ने मान्यता जापानीहरूको दैनिक जीवनमा व्यावहारिकरूपमा स्पष्ट देखिन्छ । सार्वजनिक तथा निजी दुवै परिवेशमा नियम कानुनको कडाइका साथ पालना गरिन्छ, जसले व्यवस्था कायम राख्न र अराजकता हुन नदिन सहयोग पुर्‍याउँछ । जापानमा समय निष्ठताप्रति उच्च सम्मान गर्दै समय व्यवस्थापनलाई प्राथमिकता दिइन्छ ।

जापानी उखान 'नाना कोरोवी याओकि' अर्थात् 'सातपटक लड, आठपटक उठ' हो यसले जापानको लचिलोपन र धैर्यता झल्काउँछ र जति चुनौती आए पनि अगाडि बढिरहने दृढ इच्छाशक्ति विकास गर्न प्रोत्साहन गर्छ । जापानीहरू आफ्नो र अरुको गोपनीयतालाई धेरै सम्मान गर्छन् । जापानमा ज्येष्ठ र वरिष्ठहरूलाई व्यावहारिकरूपमै सम्मान गरिन्छ । त्यहाँ अनुशासनलाई सम्मानको रूपमा लिइन्छ जसले मानिसलाई आत्मनियन्त्रण गर्न प्रेरित गर्छ । अनुशासन, मिहेनत र जिम्मेवारी जापानी संस्कृति र जीवनका मुख्य आधार हुन् ।

जापानका नीतिहरूले समानतालाई बढावा दिन्छन् । सबै सरकारी कर्मचारीलाई हरेक तीन वर्षमा सरुवा गर्नु र एउटै क्षेत्रमा बस्ने सबै बालबालिकालाई प्राथमिक तहमा एउटै विद्यालयमा जानुपर्ने व्यवस्था समानताको उदाहरण हो । जापानमा हरेक पेसालाई सम्मान गरिन्छ र 'सम्मान चाहियो भने सम्मान देऊ' भन्ने सोच सानैदेखि सिकाइन्छ । बालबालिकालाई सही गलत छुटचाउन र आफ्नो निर्णय आफैं गर्न प्रोत्साहन गरिन्छ, जसले आत्मनिर्भरता विकास गर्छ । जापानमा घरदेखि पार्क र विद्यालयजस्ता सार्वजनिक स्थानसम्म सफाइलाई अत्यन्त महत्त्व दिइन्छ । जापानी समाजले साझा हितका लागि सहकार्यलाई महत्त्व दिन्छ, जुन कुनै चाडपर्व, सामुदायिक कार्यक्रम र स्वयंसेवा गतिविधिमा देखिन्छ । जापानी संस्कृतिमा शिक्षालाई उच्च मान्यता दिइन्छ र जापानको शिक्षा प्रणाली प्रतिस्पर्धात्मक एवं व्यावहारिक छ ।

जापानीहरूले ताजा र मौसमी उत्पादनमा केन्द्रित सन्तुलित खाना खाने, बेलुकाको खाना चाँडै खाने र खानापछि हल्का व्यायाम गर्ने गर्छन्, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । यस्ता खानपान र जीवनशैलीले समग्र स्वास्थ्य सुधार्ने र दीर्घायु बढाउन मद्दत गर्ने भएकै कारणले जापानमा १०० वर्ष नाघेको जनसंख्या झण्डै एक लाख छ । जापानीहरू आफ्नो मिहेनत र काममा गर्व गर्छन्, जसले देशको विकासमा महत्त्वपूर्ण योगदान दिन्छ । जापानी शब्द 'गामान' (सहनशीलता) भन्ने अवधारणाले काममा निरन्तरता, धैर्यता र कर्तव्यबोधप्रति जापानी प्रतिबद्धता देखाउँछ । जापानीहरूले जीवनमा सबैभन्दा बढी आफ्नो जिम्मेवारी र कामलाई प्राथमिकतामा राख्दछन् । त्यहाँको तीव्र आर्थिक विकास नेपालजस्ता विकासोन्मुख देशहरूका लागि प्रेरणादायी उदाहरण बनेको छ । जापानले गरेको दक्ष जनशक्ति विकास, जापानीहरूको उच्च नागरिक जिम्मेवारी, प्रभावकारी राजनीतिक नेतृत्व, सुशासनलगायतका कुराहरूले अहिलेको जापान बनेको हो । हामीले जापान र जापानी जनताहरूबाट यस्तै कुराहरू सिक्न सक्छौं ।

जापानजस्तो विकसित मुलुकले पनि अहिले केही समस्याहरू भोगिरहेको छ । ढिलो विवाह र व्यस्त जीवनको दबाबको कारण घट्दो जन्मदर र बढ्दो वृद्धहरूको संख्या जापानको चुनौती बन्दै गएको छ । त्यस्तै जापानमा पश्चिमी देशको प्रभावले सामाजिक, धार्मिक र सांस्कृतिक परिवर्तन आउन गई जापानको आफ्नोपनमा ह्रास हुने सम्भावना बढ्दै गएको छ । अहिले जापानमा विदेशीहरूको संख्या दिन प्रतिदिन बढ्दै छ र नेपालीहरूमात्रै झण्डै तीन लाख छन् । यसरी बढ्दै गएको विदेशीहरूको संख्या जापानी समुदायका लागि समस्या बन्दै छ । जापानीहरूलाई जापानको बारेमा पर्याप्त ज्ञान नभएका विदेशीहरूले जापानको संस्कृति, परम्परा र समुदायमा विकृति ल्याउँछन् कि भन्ने त्रास छ भने जापानी भाषा, संस्कृति, नियम कानुन आदिको ज्ञान नभएका विदेशीहरूले भाषा र संस्कृतिको समस्या, सामाजिक एक्लोपना र जटिल प्रशासनिक प्रक्रियाजस्ता विभिन्न कठिनाइ भोगिरहेका छन् ।

यस्तो अवस्थामा कतिपय नेपालीहरू आफ्नो जापान बस्ने समय अवधि नसकिँदै नेपाल फर्कने, आत्महत्या गर्नेलगायतका समाचार आउन थालेका छन् । गत १० महिनामामात्र २५ जना नेपाली युवाहरूले जापानमा आत्महत्या गरेको समाचार छ । यस्ता घटनाहरू नेपाल र जापान दुवैका लागि दुःखद् हुन् र भविष्यमा यस्ता घटनाले नेपाल जापानको मैत्री सम्बन्धमा नै क्षति पुग्न सक्छ । दुवै मुलुकका सरकार, जापानी समुदाय एवं जापान जाने वा त्यहाँ बस्ने नेपालीहरूले यी समस्याहरूलाई समयमै गम्भीरतापूर्वक लिई आपसी समझदारीमा समाधानतर्फ लाग्नुपर्छ ।

यसका लागि सर्वप्रथम जापान जाने नेपालीहरूसँग कम्तीमा मान्यता प्राप्त जापानी संस्थाले लिने परीक्षामा एनफोर (एन-४) लेभलको जापानी भाषाको ज्ञान हुनु आवश्यक छ । जापानी भाषाको साथै, जापान जाने नेपालीहरूसँग जापानको संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान हुनु अति आवश्यक छ । जापान जाने नेपालीहरू भिसा प्राप्त भएपछि यी कुराहरूमा ध्यान नदिने र सीपसमेत नसिकी जापान जाने हुँदा अहिले त्यस्ता व्यक्तिहरू समस्यामा परेको देखिन्छ । त्यसका लागि जापान जाने नेपालीहरू खासगरी जो कुनै व्यवसाय वा कामका लागि जान्छन्, उनीहरूका लागि गुणस्तरीय अभिमुखीकरण कार्यक्रमको आवश्यकता छ । औपचारिकताका लागिमात्र दिइने अहिलेको अभिमुखीकरण कार्यक्रम प्रभावकारी छैन ।

जापान जानुअघि दिइने अभिमुखीकरण कार्यक्रमका लागि युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित जापानी राजदूतावास, जापानस्थित नेपाली राजदूतावास, जाइका, वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल जापान मैत्री सम्बन्धमा लामो समयदेखि निरन्तररूपमा कार्यरत संघ/संस्थाहरूबीचमा समन्वय गरी सम्बन्धित सबैको समन्वय र सहमतिमा गुणस्तरीय पाठ्यक्रम तयार गरी त्यसैको आधारमा जापानको विविध विषयमा ज्ञान भएका प्रशिक्षकहरूबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ ।

जापानी भाषा अध्ययनका लागि नेपालमा अहिले धेरै भाषा स्कुल छन् । भाषा परीक्षाका लागिसमेत जापानकै मान्यता प्राप्त परीक्षा प्रणाली (जेएलपिटी/जेएफटी) भएकाले यो प्रणालीअन्तर्गत कम्तीमा एन-४ लेभलको परीक्षा उत्तीर्ण गरेको र तोकिएको अभिमुखीकरण तालिम लिई प्रमाणपत्र प्राप्त व्यक्तिहरूलाई मात्र जापान पठाउने व्यवस्था गर्दा जापान जाने नेपाली र जापानी समुदाय दुवै लाभान्वित हुन्छन् । यसले जापानी समुदायमा नेपालीप्रतिको धारणा अझै सकारात्मक भई नेपाल जापानबीचको मैत्री सम्बन्ध सुमधुर बनाउनसमेत सहयोग पुग्छ । हाल जापानलाई जापानी भाषा, संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान भएका दक्ष युवा जनशक्तिको खाँचो छ ।

नेपाली युवाहरूलाई रोजगारी चाहिएको छ । यस सन्दर्भमा हामीले संख्यात्मकमात्र नभई गुणात्मक पक्षमा ध्यान दिई नेपालबाट भाषा, संस्कृतिलगायतको ज्ञान भएका र अभिमुखीकरण तालिम लिएका युवाहरूमात्र रोजगारीका लागि जापान पठाउने भरपर्दो र दिगो प्रणालीको विकास गरी त्यही प्रणालीमार्फत नै जापान पठाउनुपर्छ । यसले हालको नेख जापानमैत्री सम्बन्ध भोलिका दिनमा थप मजबुत हुँदै जापान जाने नेपाली युवाहरू र जापानी समुदाय दुवैलाई सहयोग पुग्ने छ । यसका लागि समयमै सरोकारवाला सबैको ध्यान जान जरुरी छ । *रासस*

*(लेखक नेपाल जाइका अलमनाई एसोसिएसनका अध्यक्ष हुन्)*

## पाठक मञ्च

### भीड नियन्त्रणमा प्रविधि र गैरघातक हतियार अनिवार्य गरियोस्

सुनसरीको देवानगञ्ज-३ कप्तानगञ्ज र सिरहाको गोलबजारमा भएका हिंसात्मक घटनासम्बन्धी छानबिन समितिको प्रतिवेदनले राज्यको सुरक्षा व्यवस्थापन र नागरिकको जीवनरक्षाको गम्भीर विषयमा हाम्रा धेरै भ्रमहरू चिरिदिएको छ । घटनालगत्तै 'बाहिरी घुसपैठ' र 'तेस्रो पक्ष वा बाहिरी मानिसले गोली चलाएको' भन्दै फैलाइएका अनेकौं हल्लाहरूलाई गृह मन्त्रालयद्वारा गठित छानबिन समितिले तथ्यसहित खारेज गरिदिएको छ । प्रतिवेदनले प्रस्टरूपमा कप्तानगञ्जमा चलेका २० राउण्ड र गोलबजारमा चलेका नौ राउण्ड गोली नेपाली सुरक्षाकर्मी (नेपाल प्रहरी र सशस्त्र प्रहरी) बाटै चलेको निष्कर्ष निकालेको छ । यो निष्कर्षले एकातिर घटनाको वास्तविक चित्र त स्पष्ट पारेको छ, तर अर्कोतिर राज्यको आफ्नै सुरक्षा संयन्त्र नागरिकप्रति कति असंवेदनशील र असक्षम बनिरहेको छ भन्ने कटु सत्यलाई उजागर गरेको छ ।

१० साउनको राति सामान्य डिजे बजाएको विषयलाई लिएर सुरु भएको विवादले तीन जना निर्दोष युवाहरू- ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहताको ज्यान लियो भने सिरहामा गणेश यादवले ज्यान गुमाउनुपर्‍यो । एउटा सामान्य स्थानीय विवाद कसरी चार-चार जनाको ज्यान जानेगरी नरसंहारकारी घटनामा परिणत भयो ? के डिजे बजाएको विषयमा सुरु भएको विवाद वा झडप नियन्त्रण गर्ने अन्तिम र एकमात्र उपाय गोली नै थियो ? यी प्रश्नहरूले आज हरेक सचेत नागरिकको मन पिरोलिरहेको छ । लोकतान्त्रिक मुलुकमा नागरिकको शान्तिसुरक्षा कायम गर्नु प्रहरीको कर्तव्य हो, तर त्यही सुरक्षाकर्मीको गोलीबाट नागरिकको ज्यान जानु लोकतन्त्र र कानुनी शासनको उपहास हो ।

छानबिन समितिले गोली चलाउने सुरक्षा अधिकारीहरूमाथि कारबाहीको सिफारिस त गरेको छ, तर कारबाहीको प्रकृतिबारे स्पष्ट नहुनुले विगतका अन्य घटनाहरूजस्तै यो पनि सामसुम हुने त होइन भन्ने आशंका जन्माएको छ । जब-जब यस्ता दुःखद घटना हुन्छन्, सरकारले छानबिन समिति गठन गर्छ, प्रतिवेदन बुझ्छ र दोषीमाथि कारबाही गर्ने आश्वासन दिन्छ । तर, फिल्डमा खटिएका अधिकारी र जिल्लाको प्रशासनिक नेतृत्वलाई कानुनी दायरामा ल्याएर उदाहरण प्रस्तुत नगरेसम्म यस्ता प्रवृत्ति दोहोरिइरहन्छन् । फिल्डमा कमाण्ड कसरी सञ्चालन भयो, कसको आदेशमा र कुन परिस्थितिमा छाती वा टाउको लक्षित गरी घातक गोली प्रहार गरियो भन्नेबारे निष्पक्ष छानबिन भई कडाभन्दा कडा कारबाही हुनैपर्छ ।

यस घटनाले हाम्रो भीड नियन्त्रणसम्बन्धी रणनीति र प्रविधि कति पुराना र घातक छन् भन्ने कुरा पनि पुनः प्रमाणित गरेको छ । २१औं शताब्दीमा पनि प्रहरीले भीड नियन्त्रणका लागि सिधै सीधा र घातक गोलीको सहारा लिनुपर्ने अवस्था आफैंमा लज्जास्पद छ । छानबिन समितिले प्रतिवेदनमार्फत दिएका सुझावहरू- भीड नियन्त्रणमा जाने सुरक्षाकर्मीलाई अनिवार्यरूपमा गैरघातक हतियार र रबरको गोली उपलब्ध गराउने तथा हतियार बोकेका सुरक्षाकर्मीका लागि 'बडीवर्न क्यामरा' अनिवार्य गर्ने अत्यन्तै समय सान्दर्भिक र स्वागतयोग्य छन् । यदि सुरक्षाकर्मीले बडीवर्न क्यामरा प्रयोग गरेका हुन्थे भने घटनाको सत्यतथ्य पहिल्यै छर्लंग हुन्थ्यो र बाहिरी घुसपैठको आधारहीन अफवाह फैलन पाउने थिएन ।

अब प्रश्न प्रतिवेदन थन्क्याउने वा सुझावहरूलाई कागजमै सीमित राख्नेमात्र होइन । सरकार र गृह मन्त्रालयले यो घटनाबाट पाठ सिक्दै तत्कालै आफ्ना सुरक्षाकर्मीहरूलाई भीड नियन्त्रणसम्बन्धी आधुनिक, गैरघातक र मानवअधिकारमैत्री तालिम दिनु आवश्यक छ । साथै, घटनामा ज्यान गुमाएका निर्दोष मृतकका परिवारलाई उचित क्षतिपूर्ति र घाइतेहरूको पूर्ण उपचारको व्यवस्था मिलाइनुपर्छ । नागरिकको ज्यान जोगाउन खटिएका सुरक्षाकर्मीका हातबाटै अकारण नागरिक मारिने शृंखला अन्त्य गर्नका लागि प्रतिवेदनले सिफारिस गरेबमोजिम दोषी अधिकारीहरूमाथि तत्काल कारबाही र सुरक्षा निकायमा व्यापक सुधारको कदम चालियोस् ।

**- संगीता राई**
इटहरी, सुनसरी

# कोशी कटानको जोखिममा परेका परिवारलाई स्थानान्तरण

**सुनसरी–** सप्तकोशी नदीको तीव्र कटानका कारण जोखिममा परेका बराहक्षेत्र नगरपालिका-९ श्रीलंका टापुका सात परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

सप्तकोशी नदीले निरन्तर कटान गर्न थालेपछि अति जोखिममा परेका उनीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थासहित स्थानान्तरण गरिएको बराहक्षेत्र नगरपालिकाका नगरप्रमुख रमेश कार्कीले जानकारी दिए ।

श्रीलंका टापुको चिलिया र गरैयालगायतका क्षेत्रमा सप्तकोशी नदीले तीव्र कटान गरिरहेको छ । कटान नियन्त्रणका लागि बराहक्षेत्र र उदयपुरको बेलका नगरपालिकासँगै स्थानीयवासीको समन्वयमा अस्थायी तटबन्ध निर्माण भइरहेको नगरप्रमुख कार्कीले बताए ।

'बालुवा र सिमेन्टका बोरा भरेर नदी किनार जोगाउने प्रयास भइरहेको छ। ठूलो बाढी आयो भने यो प्रयासले मात्रै धान्न सक्दैन । यसले केही समयका लागि राहत दिन्छ, तर यो स्थायी समाधान होइन,' उनले भने ।

कटान नियन्त्रणका लागि गत वर्ष निर्माण गरिएका करिब १८ स्परमध्ये नौ वटा पूर्णरूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्परलाईसमेत नदीले कटान गरिरहेको नगरप्रमुख कार्कीले बताए ।

अहिले श्रीलंका टापु, चिलिया टापुमा स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा बराहक्षेत्र र बेलका नगरपालिकाको समन्वयमा श्रमदानमार्फत कटान रोक्ने प्रयास भइरहेको छ । बाँस गाड्ने, नाइलनको डोरीले बाँध्ने तथा बालुवा भरिएका बोरा राख्नेजस्ता उपाय अपनाइएको छ । 'यी अस्थायी उपायमात्र हुन् । दीर्घकालीनरूपमा बलियो तटबन्ध निर्माण र नदी व्यवस्थापन नगरी समस्या समाधान हुँदैन,' नगरप्रमुख कार्कीले भने ।

सप्तकोशी नदीले धार परिवर्तन गरेर बनाएको चिलिया टापुमा अहिले पनि त्यहाँ ठूलो संख्यामा बसोबास छ । बराहक्षेत्र नगरपालिका-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक वर्ष बर्खायाममा नदीको बहाव बढेसँगै बाढी र कटानको जोखिम बढ्ने गरेको छ ।

यस वर्ष चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि करिब ६, ७ सय घरपरिवार प्रत्यक्ष जोखिममा रहेको नगरप्रमुख कार्कीले बताए । सप्तकोशीले विस्तारै धार पश्चिमतर्फ मोड्ने संकेत देखिएकाले बाक्लो मानव बस्ती रहेका क्षेत्रमा जोखिम झन् बढेको उनको भनाइ छ ।

हरेक वर्ष बर्खायाममा सप्तकोशीको बाढीले श्रीलंका टापुको बस्ती डुबानमा पार्नुका साथै खेतीयोग्य जमिन कटान गरेर बगाउने गरेको छ । बर्सेनि नदीले जमिन तथा बस्ती कटान गर्दै जोखिम बढाए पनि यसको दीर्घकालीन समाधान हुन सकेको छैन । विशेषगरी बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित चिलिया टापु, गरैया तथा श्रीलंका टापुका बासिन्दा बर्सेनि बाढी र कटानको दोहोरो जोखिममा पर्दै आएका छन् । *रासस*

# कर्णालीका मुख्यमन्त्री शाहीलाई विश्वासको मत

■ प्रभाव संवाददाता



**कर्णाली–** कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले विश्वासको मत प्राप्त गरेका छन् । कर्णाली प्रदेशसभाको बुधबार बसेको बैठकमा मुख्यमन्त्री शाहीले विश्वासको मत प्राप्त गरेका हुन् ।

बैठकमा प्रदेश सभामुख नन्दा गुरुङले नेपालको संविधानको धारा १८८ को उपधारा १ बमोजिम प्रदेशसभा समक्ष विश्वासको मतका लागि वक्तव्यसहित मुख्यमन्त्री शाहीलाई कर्णाली प्रदेशसभा नियमावली २०८१ नियम १५१ को उपनियम ४ बमोजिम सभामा प्रस्ताव पेस गर्न समय दिइन् ।

सोहीअनुसार मुख्यमन्त्री शाहीले बैठकमा प्रस्ताव पेस गरेसँगै आवश्यक छलफलपश्चात सभामुख गुरुङले मत विभाजनको प्रक्रिया सुरु गरिन् । कूल ४० प्रदेशसभा सदस्यमा ३६ सभा सदस्यले मतदान गरेका थिए । मुख्यमन्त्री शाहीको पक्षमा २१ जनाले तथा विपक्षमा १३ जनाले मतदान गरेका थिए । दुई जना तटस्थ बसेका सभामुख गुरुङले बताइन् ।

विश्वासको मतको पक्षमा २१ मत परेको र उक्त मत तत्कालीन प्रदेशसभामा कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत भएको बताउँदै सभामुख गुरुङले नेपालको संविधानको धारा १८८ को उपधारा १ तथा कर्णाली प्रदेशसभा नियमावलीको १८१ नियम १५१ को बमोजिम मुख्यमन्त्री शाहीले विश्वासको मतका लागि सभासमक्ष राखेको प्रस्ताव बहुमतले पारित भएको घोषणा गरिन् ।

## नवनियुक्त तीन मन्त्रीले लिए शपथ

बुधबार नै कर्णाली प्रदेश सरकारका नवनियुक्त तीन मन्त्रीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले बुधबार सामाजिक विकासमन्त्री जीतबहादुर मल्ल, आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाई र जलस्रोत तथा ऊर्जा विकासमन्त्री कलबहादुर हमाललाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । प्रदेश प्रमुख जोशीले तीनैजना मन्त्रीहरूलाई नेपालको संविधानको धारा १७२ बमोजिम शपथ ग्रहण गराएका थिए ।

तीनै मन्त्रीलाई सत्ता साझेदार दल नेकपा एमालेले सरकारमा पठाएको हो । भौतिक पूर्वाधार तथा सहरी विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री मंगलबहादुर शाही आफैंले सम्हालेको कर्णाली प्रदेश प्रमुखको कार्यालय सुर्खेतले जनाएको छ ।

# सुदूरपश्चिमका मुख्यमन्त्री भट्टले पाए विश्वासको मत



**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले विश्वासको मत प्राप्त गरेका छन् । प्रदेशसभाको बुधबारको बैठकमा विश्वासको मतसम्बन्धी मुख्यमन्त्री भट्टले राखेको प्रस्तावमा मत विभाजन गर्दा प्रस्तावको पक्षमा ३१ मत प्राप्त भएको सभामुख भीमबहादुर भण्डारीले सभालाई जानकारी गराए ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रदेशसभा संसदीय दलका नेता भट्टलाई नेकपा एमालेको समर्थन रहेको छ । प्रदेशसभामा नेकपाका २२ प्रदेशसभा सदस्य रहेका छन्, जसमा सभामुख र एक सदस्य निलम्बित अवस्थामा छन् । यस्तै, एमालेका ११ प्रदेशसभा सदस्य छन् ।

मुख्यमन्त्री भट्टको विपक्षमा १५ मत परेको छ । यहाँ विपक्षमा नेपाली कांग्रेसका १४ र राप्रपाका एक प्रदेशसभा सदस्य रहेका छन् । बुधबारको बैठकमा कांग्रेसका पदम शाही, मानबहादुर रावल र मधु भारती अनुपस्थित थिए ।

# माईखोलामा झोलुंगे पुल बनेपछि स्थानीयवासी खुसी

**इलाम–** माईखोलामा झोलुंगे पुल निर्माण भएपछि स्थानीयवासी खुसी भएका छन् । इलाम नगरपालिका-८ र १० जोड्ने काइलाटारमा उक्त पुल निर्माण गर्न ८४ लाख ७१ हजार रूपैयाँ खर्च भएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेश सरकारको लगानीमा १७९ मिटर लम्बाइको झोलुंगे पुल निर्माण भएपछि स्थानीयलाई आवतजावत गर्न सहज भएको छ ।

पूर्वाधार विकास कार्यालय इलामका प्रमुख रञ्जय सिंहले तिल्केनी-सिलपुर सडकअन्तर्गत पर्ने काइलाटारमा पुल निर्माण भएपछि यहाँका स्थानीय खुसी भएको जानकारी दिए । पुल निर्माण भएसँगै राजदुवाली र सिमलगोलाईको बाटो घण्टौं यात्रा गर्नुपर्ने बाध्यता हटेको स्थानीयले बताएका छन् ।

इलाम नगरपालिका-८ का सन्तोष गोलेले माईखोला वारिका बस्तीबाट पारि जान र पारिका बस्तीबाट वारि आउन झोलुंगे पुलले ठूलो सहयोग पुगेको बताए । 'हिउँदयाममा त खोला तरेर वारिपारि गर्न सहज नै हुन्थ्यो । तर वर्षायाममा त्यही नजिकै जान पनि कि त राजदुवाली, कि त सिमलगोलाईको बाटो घण्टौं समयको घुमेर जानुपर्दथ्यो,' उनले भने, 'अब त्यो समस्याबाट मुक्त भएका छौं ।'

झोलुंगे पुल बनेपछि त्यस क्षेत्रमा घुमघाम गर्न, टिकटक बनाउन र तस्बिर खिचाउन आउने मानिसको संख्या बढ्दै जान थालेको उनले बताए । मेची राजमार्गअन्तर्गत इलाम-राजदुवाली सडकखण्ड पहिरोका कारण अवरुद्ध भएपछि मोटरसाइकलमार्फत इलामतर्फबाट झापा जान र झापाबाट इलामतर्फ आउन सोही पुलको प्रयोग गर्न थालिएको इलाम नगरपालिका-८ का वडाध्यक्ष दलमान तामाङले बताए ।

'अहिले यही बाटो भएर दैनिक सयौंको संख्यामा मोटरसाइकल चल्न थालेका छन्,' वडाध्यक्ष तामाङले भने, 'इलाम-राजदुवाली सडक बन्द रहेकाले सदरमुकामबाट मेची राजमार्ग जोड्ने सबैभन्दा छोटो दूरीको सडक यही भएकाले दुईचक्के सवारीका लागि यो सडक उपयुक्त विकल्प बनेको छ ।' तिल्केनी-सिमलगोलाईको बाटो लामो दूरीको भएकाले दुईचक्के सवारीसाधनलाई सो सडक वैकल्पिक सडकको रूपमा प्रयोगमा आएको उनको भनाइ छ । उक्त सडक मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-८ तिल्केनीबाट छुट्टिएर इलाम नगरपालिका-१० गोदकस्थित सिलपुरमा जोडिन्छ । *रासस*


**युएइमा रोजगार** कम्पनी : EXODUS EXPERT TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346540 | चलानी नं. ६०२५७४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist Carpenter | 5 | 0 | 1200 | ५०,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Brick Mason | 5 | 0 | 1200 | ५०,००५ | | | | | | | |
| 3. | Building Labor | 4 | 0 | 1000 | ४१,६७१ | | | | | | | |
| 4. | Reinforce Fitter Assistant | 5 | 0 | 1200 | ५०,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**साउदीमा रोजगार** कम्पनी : TALENTS HUMAN RESOURCES COMPANY शहर : Saudi Arabia,Riyadh

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346714 | चलानी नं. ६०२५९८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Kitchen Helper | 10 | 0 | 1000 | ४०,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HATEM JARALLAH HUSSEIN AL-MALKI TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346415 | चलानी नं. ६०२५९८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1798/082/83

R.D. HUMAN RESOURCE PVT.LTD.
Ratopul-9, Rudreshwor Marg, Kathmandu, Nepal, Contact: +977-01-4533915, 5924815,
Shyam Kaji Tamang: 9851086813, E-mail : rdhumanresourcesnp@gmail.com, Web : www.rdhr.com.np



**साउदीमा रोजगार** कम्पनी : JARAT MUKHTASA CAFE FOR BEVERAGES

शेवा शुल्क: १0,000/-

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346692 | चलानी नं. ६०२५९८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 14 | 0 | 1200 | ४९,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LE GOUT CAFE

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346693 | चलानी नं. ६०२५९८८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1200 | ४९,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAIF DERAA BIN SULAIMAN AL DERAA TRADING CENTER

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346695 | चलानी नं. ६०२५९८८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Kitchen Helper | 3 | 0 | 1000 | ४०,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



**कुवेत/कतारमा रोजगार** कम्पनी : EUNOIA LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/05/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/05/03 | LT. No. 330509 | चलानी नं. ६०२४४२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 5 | 100 | ४९,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician (F) | 0 | 10 | 150 | ७४,३७४ | | | | | | | |

कम्पनी : Adan Central Market Co.

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346706 | चलानी नं. ६०२५९९२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Packers | 8 | 0 | 150 | ७४,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Peak Lab Restaurant Company

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346707 | चलानी नं. ६०२५९९२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 0 | 150 | ७४,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Teja General Trading Company

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346705 | चलानी नं. ६०२५९९२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver Light | 2 | 0 | 150 | ७४,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Banquet Waiter/Waitress | 6 | 5 | 150 | ७४,३७४ | | | | | | | |
| 3 | Assistance Chef | 5 | 0 | 150 | ७४,३७४ | | | | | | | |
| 4 | Barista | 2 | 2 | 150 | ७४,३७४ | | | | | | | |
| 5 | A Cleaner | 1 | 1 | 100 | ४९,३७४ | | | | | | | |

कम्पनी : Desert Rose CL Beauty Saloon

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346673 | चलानी नं. ६०२५९९२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 1700 | ७१,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : The Runway Lady Beauty Salon Co.

पूर्व स्वीकृति मिति : २०८३/05/03 | LT. No. 346408 | चलानी नं. ६०२५९९२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician /Hairdresser | 0 | 5 | 150 | ७४,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician/Manicurist | 0 | 5 | 150 | ७४,३७४ | | | | | | | |
| 3 | Car driver (light) | 2 | 0 | 150 | ७४,३७४ | | | | | | | |
| 4 | Cleaner | 0 | 2 | 120 | ५९,४९९ | | | | | | | |
| 5 | Makeup artiest | 0 | 5 | 150 | ७४,३७४ | | | | | | | |
| 6 | Nail technicial(Manicurist/Pedicurist) | 0 | 5 | 150 | ७४,३७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



चीनको बेइजिङस्थित बेइरेन यिचुआङ अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्रमा बुधबार आयोजित 'विश्व रोबोट सम्मेलन'का क्रममा एक प्रदर्शनी कक्षमा राखिएका मानवरूपी रोबोटहरू । *तस्बिरः एपी*

# रकेट पुन:प्राप्तिमा चीनलाई दोस्रो सफलता

**बेइजिङ–** चीनले पहिलोपटक भूमिमा रकेटको पहिलो चरण सफलतापूर्वक पुन:प्राप्त गरेको छ । अन्तरिक्ष प्रविधिमा पुन:प्रयोग गर्न सकिने रकेट विकासलाई तीव्रता दिइरहेको चीनका लागि यो महत्त्वपूर्ण उपलब्धि मानिएको छ । राज्य सञ्चारमाध्यमका अनुसार बुधबार प्रक्षेपण गरिएको 'झुक-३' रकेटको पहिलो चरण सफलतापूर्वक पृथ्वीमा फर्काइएको हो ।

यसअघि जुलाईमा चीनले समुद्री प्लेटफर्ममा रकेटको पहिलो चरण पुन:प्राप्त गरेको थियो । त्यसैले भूमिमा गरिएको बुधबारको सफलता चीनले रकेट चरण पुन:प्राप्त गरेको दोस्रो अवसर हो भने भूमिमा गरिएको पहिलो सफल परीक्षण हो ।

चिनियाँ समाचार संस्था सिन्ह्वाका अनुसार पुन:प्रयोग गर्न सकिने 'झुक-३' रकेट बुधबार बिहान प्रक्षेपण गरिएको थियो । त्यसपछि रकेटको पहिलो चरण पृथ्वीमा फर्किएर सुरक्षितरूपमा अवतरण गरेको हो । यस क्रममा पहिलोपटक तैनाथ गर्न सकिने अवतरण खुट्टाको प्रयोग गरिएको सिन्ह्वाले जनाएको छ । चीनले यसलाई पुन:प्रयोग गर्न सकिने रकेट प्रविधिमा महत्त्वपूर्ण सफलता मानेको छ ।

रकेटको प्रयोगपछि पहिलो चरणलाई पुन:प्राप्त गरी फेरि प्रयोग गर्न सकिने प्रविधिले प्रक्षेपणको लागत घटाउन सहयोग गर्छ । यस क्षेत्रमा अमेरिकी कम्पनी स्पेसएक्स र ब्लु ओरिजिनले सन् २०१५ देखि रकेट पुन:प्राप्तिको प्रविधि प्रयोग गर्दै आएका छन् । उपग्रह तथा अन्य सामग्री अन्तरिक्षमा पठाएपछि रकेटलाई फ्याँक्नुपर्ने अवस्थाको अन्त्य गर्दै एउटै हार्डवेयर पुनः प्रयोग गर्न सकिने भएकाले अन्तरिक्ष प्रक्षेपण सस्तो बनाउन यस्तो प्रविधि महत्त्वपूर्ण मानिन्छ ।

चीनले गत जुलाई १० मा 'लङ मार्च-१० बी' रकेटको पहिलो चरण पनि सफलतापूर्वक पुन:प्राप्त गरेको थियो । प्रक्षेपणपछि पहिलो चरण दोस्रो चरणबाट अलग भएर समुद्री प्लेटफर्ममा फर्किएको थियो । त्यसबेला रकेटलाई जालोमा समात्ने 'नेट-क्याप्चर' प्रणाली प्रयोग गरिएको थियो ।

चीनसँगै जापानले पनि पुन:प्रयोग गर्न सकिने रकेट प्रविधिमा लगानी बढाइरहेको छ । जुलाई ११ मा जापानले प्रयोगात्मक पुन:प्रयोगयोग्य रकेटको पहिलो परीक्षण उडान गरेको थियो । उक्त रकेट उडान भरेपछि सुरक्षित रूपमा अवतरण गर्न सफल भएको थियो । दुवै देशले प्रक्षेपण लागत घटाउँदै विश्वव्यापी अन्तरिक्ष बजारमा प्रतिस्पर्धा बढाउने उद्देश्यले पुन:प्रयोग गर्न सकिने रकेट प्रविधिको विकासलाई प्राथमिकता दिएका छन् । *रासस⁄एपी*

# खाडी देशलाई इरानको चेतावनी

इरानी सशस्त्र सेनाका चिफ अफ स्टाफ अली अब्दोलाहीले अमेरिकी सेनालाई दिइने कुनै पनि सहयोग वा सुविधा अमेरिकी सैन्य कारबाहीमा सहभागितासरह हुने चेतावनी

**तेहरान–** इरानको सशस्त्र सेनाले अमेरिकी सेनालाई सहयोग वा आफ्नो भूभाग प्रयोग गर्न दिने कुनै पनि खाडी मुलुक अमेरिकी सैन्य कारबाहीमा सहभागी भएको मानिने चेतावनी दिएको छ । इरान र अमेरिकाबीच जारी युद्धकाबीच इरानी सेनाको यस्तो चेतावनीले खाडी क्षेत्रमा सैन्य तनाव थप बढ्ने संकेत गरेको छ ।

इरानी सशस्त्र सेनाका चिफ अफ स्टाफ अली अब्दोलाहीले अमेरिकी सेनालाई दिइने कुनै पनि सहयोग वा सुविधा अमेरिकी सैन्य कारबाहीमा सहभागितासरह हुने बताएको मेहर समाचार एजेन्सीले जनाएको छ ।

उनले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारमा ठूलो संख्यामा सैन्य विमान, विशेषगरी हवाई इन्धन भर्ने विमान, सम्बन्धित देशको जानकारी वा सहमतिविना तैनाथ हुन सक्ने सम्भावना न्यून रहेको बताए । त्यसैले इरानविरुद्ध आफ्नो भूभाग प्रयोग गर्न नदिने भन्दै वक्तव्य जारी गरेका खाडी मुलुकहरूलाई अवस्थाबारे आफूहरू पूर्णरूपमा जानकार रहेको उनले चेतावनी दिए । अब्दोलाहीले अमेरिकी सेनालाई सहयोग गर्नु वा अमेरिकी सैन्य गतिविधिका लागि सुविधा उपलब्ध गराउनु इरानविरुद्धको कारबाहीमा प्रत्यक्ष संलग्नताका रूपमा लिइने स्पष्ट पारे । उनको चेतावनी विशेषगरी खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधार तथा तिनको प्रयोगसँग सम्बन्धित देखिएको छ ।

इरान र अमेरिकाबीच फेब्रुअरी २८ देखि युद्ध जारी छ । इरानमाथि अमेरिका-इजरायलले गरेको आक्रमणपछि युद्ध सुरु भएको र त्यसको जवाफमा इरानले क्षेत्रभर रहेका अमेरिकी सैन्य आधारलाई लक्षित गर्दै क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको बताइएको छ । यसैबीच, अमेरिकी नौसेनाको 'युएसएस जर्ज वासिङ्टन' विमानवाहक युद्धपोत मध्यपूर्वमा पुनः तैनाथ गरिँदै छ । चालक दलको जीवनयापनसम्बन्धी अवस्था बिग्रिएको रिपोर्टपछि उक्त विमानवाहकलाई 'युएसएस अब्राहम लिंकन' को स्थान लिन मध्यपूर्व पठाउन लागिएको हो ।

इरानी चेतावनी अमेरिकी सैन्य उपस्थितिसँगै खाडी क्षेत्रमा तनाव बढिरहेका बेला आएको हो । खाडी मुलुकहरूले आफूहरूलाई इरानविरुद्धको युद्धमा प्रत्यक्षरूपमा संलग्न नगराउने बताउँदै आए पनि अमेरिकी सेनाको गतिविधि र सैन्य आधारको प्रयोगलाई लिएर तेहरानले ती देशहरूलाई थप दबाब दिन थालेको छ । *रासस⁄एएफपी*




# युएईले इरानसँग कारोबार रोक्यो

**दुबई–** संयुक्त अरब इमिरेट्स (युएई)ले इरानतर्फबाट क्षेप्यास्त्र आक्रमण भएको आरोप लगाएपछि तेहरानसँगको सबै व्यापारिक तथा वित्तीय कारोबार अर्को सूचना नभएसम्मका लागि रोक्ने घोषणा गरेको छ । पछिल्ला केही महिनादेखि तुलनात्मकरूपमा शान्त रहेको युएईमा पुनः सुरक्षा तनाव बढेपछि अबुधाबीले इरानविरुद्ध यस्तो कडा कदम चालेको हो ।

युएईको विदेश मन्त्रालयकी सञ्चार निर्देशक अफ्रा अल हमेलीले क्षेत्रीय तनाव बढेको भन्दै इरानसँगको सबै व्यापार, व्यापारिक आदानप्रदान तथा वित्तीय कारोबार स्थगित गरिएको बताए । अबुधाबीले पछिल्ला केही सातामा इरानले समुद्रमा आफ्ना ट्यांकरहरूलाई पटक-पटक निशाना बनाएको आरोप लगाउँदै आएको छ ।

युएईको पछिल्लो निर्णय दुई देशबीचको लामो समयदेखिको व्यापारिक तथा सामाजिक सम्बन्धकाबीच आएको हो । युएईमा ठूलो इरानी समुदायको बसोबास छ र युद्धअघि अमेरिकी प्रतिबन्धमा रहेको इरानका लागि युएई प्रमुख व्यापारिक साझेदारमध्ये एक थियो । समुद्री तटीय समुदाय, व्यापारिक मार्ग र पारिवारिक सम्बन्धका कारण दुई देशबीच शताब्दीयौं पुरानो सांस्कृतिक तथा ऐतिहासिक सम्बन्धसमेत रहँदै आएको छ ।

मंगलबारको घोषणा इरानविरुद्ध युएईले चालेको पछिल्लो कदम हो । द्वन्द्व सुरु भएपछि युएईले आफ्ना राजदूत फिर्ता बोलाउनुका साथै इरानसँग सम्बन्धित केही विद्यालय र अस्पताल बन्द गरेको थियो । मार्चमा युद्ध चर्किएका बेला दुबईस्थित इरानी राज्यसँग सम्बन्धित अस्पताल बन्द गर्न अधिकारीहरूले आदेश दिएका थिए । विद्यालय तथा सामुदायिक केन्द्र पनि बन्द गरिएका थिए ।

त्यसबेला युएईका एक अधिकारीले इरानी सरकार र इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आइआरजिसी) सँग प्रत्यक्ष सम्बन्ध भएका तथा युएईको कानुन उल्लंघन गरेको पाइएका केही संस्थालाई लक्षित उपायअन्तर्गत बन्द गरिएको बताएका थिए । यसैबीच, अबुधाबीले मंगलबार इरानले युएईतर्फ दुईवटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको छ । युएईका अनुसार मेयता देशतर्फ लक्षित भएको यो पहिलो क्षेप्यास्त्र आक्रमण हो । पछि युएईले ती क्षेप्यास्त्र समुद्री क्षेत्रमा रहेका जहाज वा समुद्री नेभिगेसनलाई लक्षित गरिएको जनाएको थियो । तर तेहरानले युएईतर्फ क्षेप्यास्त्र प्रहार गरेको आरोप अस्वीकार गरेको छ ।

युएईको हवाई सुरक्षा प्रणालीले इरानबाट प्रहार गरिएका दुईवटा ब्यालिस्टिक क्षेप्यास्त्र पत्ता लगाएको र तीमध्ये एउटा आफ्नो क्षेत्रीय जलक्षेत्रबाहिर तथा अर्को क्षेत्रीय जलक्षेत्रभित्र खसेको युएई मन्त्रालयले सामाजिक सञ्जालमार्फत जनाएको छ । त्यसपछि जारी अर्को विज्ञप्तिमा क्षेप्यास्त्र समुद्री नेभिगेसनलाई लक्षित गर्दै समुद्रमा खसेको उल्लेख गरिएको थियो । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले युएईले इरानमाथि लगाएको क्षेप्यास्त्र प्रहारको आरोपलाई स्पष्टरूपमा अस्वीकार गरे । उनले यस्तो दाबीले क्षेत्रीय विश्वास र सुरक्षा कायम गर्ने प्रयासमा नकारात्मक असर पार्ने बताए ।

युएईको पहिलो आधिकारिक बयान आउनुभन्दा करिब दुई घन्टाअघि त्यहाँका बासिन्दालाई मोबाइल फोनमार्फत 'सम्भावित क्षेप्यास्त्र खतरा' बारे चेतावनी दिइएको थियो । जुनमा जारी भएको गलत चेतावनी र जुलाईमा आक्रमणको सम्भावनासम्बन्धी सूचनापछि यो पहिलो यस्तो चेतावनी थियो । यद्यपि, त्यसपटक क्षेप्यास्त्र युएईको भूभागमा प्रवेश गरेको थिएन । त्यसअघि पछिल्लो क्षेप्यास्त्र चेतावनी मेको सुरुआतमा जारी गरिएको थियो ।

यद्यपि पछिल्ला केही सातामा युएईको सरकारी स्वामित्वको तेल कम्पनी एडनोकसँग सम्बन्धित ट्यांकरहरूलाई समुद्रमा पटक-पटक निशाना बनाइएको अबुधाबीले आरोप लगाउँदै आएको छ । समुद्री मार्ग र ऊर्जा पूर्वाधारसँग सम्बन्धित यस्ता घटनाले युएईको सुरक्षा चिन्ता बढाएको छ ।

मध्यपूर्वमा युद्ध सुरु हुँदा युएईले इरानी आक्रमणको ठूलो दबाब सामना गरेको थियो । फेब्रुअरी २८ मा युद्ध सुरु भएयता करिब तीन हजार क्षेप्यास्त्र तथा ड्रोन युएईतर्फ लक्षित गरिएको बताइएको छ । यो क्षेत्रका अन्य मुलुकको तुलनामा बढी थियो ।

तर जुनमा इरान र अमेरिकाबीच समझदारी ज्ञापनपत्र कार्यान्वयनमा आएपछि युएईले अन्य खाडी मुलुकको तुलनामा प्रत्यक्ष आक्रमणको खबर कमैमात्र सामना गरेको थियो । उक्त समझदारी पछि भत्किए पनि युएईमा लामो समयसम्म तुलनात्मक शान्ति कायम रहेको थियो ।

इरानसँगको सबै व्यापारिक तथा वित्तीय कारोबार रोक्ने पछिल्लो निर्णयले भने दुई देशबीचको व्यापारिक सम्बन्धमा प्रत्यक्ष असर पार्ने भएको छ । साथै, समुद्री सुरक्षा र क्षेत्रीय तनाव थप बढ्ने चिन्ता पनि उत्पन्न भएको छ । *रासस⁄एएफपी*

# क्यानाडाली सामानमा ५० प्रतिशत शुल्क तीन दिन रोकियो

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानाडाली सामानमा लगाउने तयारी गरिएको ५० प्रतिशत शुल्क तीन दिनका लागि स्थगित गरेका छन् । अमेरिका र क्यानाडाबीच व्यापार सम्झौताको अन्तिम दस्तावेज तयार पार्ने काम भइरहेकाले शुल्क कार्यान्वयन केही दिन पछि सारिएको उनले बताएका छन् ।

शुल्क बुधबारदेखि लागू गर्ने तयारी गरिएको थियो । त्यसको केही घन्टाअघि मंगलबार दिउँसो ट्रम्पले क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसँग तत्काल वार्ता गरेका थिए । त्यसपछि सामाजिक सञ्जाल ट्रुथ सोसलमा ट्रम्पले अमेरिका र क्यानाडाबीच दस्तावेजलाई अन्तिम रूप दिन बाँकी रहेको अवस्थामा सम्झौता भइसकेको उल्लेख गर्दै शुल्क स्थगित गरिएको जानकारी दिएका हुन् ।

दुवै नेताबीच सोमबार पनि कुराकानी भएको थियो । त्यसपछि प्रधानमन्त्री कार्नीले वार्ता निकै 'गम्भीर र संवेदनशील' चरणमा पुगेको बताएका थिए । अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयले सामाजिक सञ्जाल एक्समा अमेरिका-क्यानाडा समझदारीमा अमेरिकी सामानका लागि व्यापक बजार पहुँच, आर्थिक सुरक्षासम्बन्धी प्रतिबद्धता र डिजिटल व्यापारमा समन्वयलगायत विषय समेटिएको जनाएको छ ।

कार्यालयका अनुसार क्यानाडाले अमेरिकी सामानमाथि गरिएको भेदभाव वा अनुचित तथा असमान व्यवहार हटाउने प्रतिबद्धता व्यक्त गरेपछि शुल्क स्थगित गरिएको हो । ह्वाइट हाउसले क्यानाडाले अमेरिकी मदिरा, मोटरगाडी र दुग्धजन्य उत्पादनमाथि 'भेदभावपूर्ण व्यवहार' गरेको आरोप लगाउँदै गत महिना ट्रम्पले ५० प्रतिशत शुल्क लगाउने आदेशमा हस्ताक्षर गरेका थिए । प्रस्तावित शुल्क वाइन, हक्की स्टिक र सिमेन्टलगायत क्यानाडाली उत्पादनमा लागू हुने थियो ।

अक्सफोर्ड इकोनोमिक्सका अनुसार प्रस्तावित शुल्कले क्यानाडाबाट अमेरिकामा हुने निर्यातको करिब ५.५ प्रतिशत अर्थात् लगभग २० अर्ब अमेरिकी डलर बराबरको व्यापार प्रभावित हुने थियो । शुल्कले क्यानाडाको समग्र अर्थतन्त्रमा सामान्य नकारात्मक प्रभाव पार्ने भए पनि मध्य क्यानाडाको उत्पादन क्षेत्रमा भने गम्भीर असर पर्ने अनुमान गरिएको छ ।

नयाँ शुल्कबाट जोगिन तथा ट्रम्प प्रशासनले क्यानाडाको अटोमोबाइल, इस्पात, काठ र एल्युमिनियम उद्योगमा लगाउँदै आएका क्षेत्रगत शुल्कबाट राहत पाउन क्यानाडाली वार्ताकारहरू वासिङ्टनमा छलफल गरिरहेका छन् । क्यानाडाली सञ्चारमाध्यमका अनुसार ओटावाले अमेरिकी मदिरा तथा वाइनमाथिको प्रतिबन्ध हटाउन प्रान्तहरूलाई आग्रह गर्नेलगायतका छुट दिने प्रस्ताव अघि सारेको छ ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जाल पोस्टमा पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालमा रोकिएको विवादास्पद 'किस्टोन एक्सएल' पाइपलाइन परियोजना पुनः अघि बढ्न सक्ने संकेतसमेत दिएका छन् । वातावरणीय अभियन्ताहरूले लामो समयदेखि विरोध गर्दै आएको उक्त परियोजना बाइडेन प्रशासनले वातावरणीय कारण देखाउँदै अघि बढ्न दिएको थिएन ।

पूर्वअमेरिकी वाणिज्य अधिकारी क्रिस्टोफर पादिलाका अनुसार व्यापार वार्तामा समयसीमा नजिकिँदा अन्तिम समयमा यस्ता घटनाक्रम देखिनु असामान्य होइन । उनले अमेरिका-मेक्सिको-क्यानाडा स्वतन्त्र व्यापार सम्झौता (युएसएमसिए) को पुनरावलोकन तथा नवीकरणका क्रममा ट्रम्प प्रशासनले क्यानाडाबाट प्रारम्भिक सहुलियत लिन शुल्कको धम्कीलाई वार्ताको दबाबका रूपमा प्रयोग गर्ने सम्भावना रहेको बताएका छन् ।

अक्सफोर्ड इकोनोमिक्सले सिमेन्ट, कागज, मुद्रण, काठ, कपडा तथा विद्युतीय उपकरण उत्पादकलाई प्रस्तावित शुल्कबाट सबैभन्दा बढी असर पर्ने क्षेत्रका रूपमा औंल्याएको छ । अमेरिकी सर्वोच्च अदालतले यसै वर्षको सुरुआतमा ट्रम्प प्रशासनले विश्वभरका सामानमा लगाएका धेरै शुल्क खारेज गरेपछि क्यानाडालाई लक्षित नयाँ शुल्कका लागि प्रशासनले फरक कानुनी प्रावधान प्रयोग गरेको थियो । प्रस्तावित शुल्क क्यानाडाली ऊर्जा, पोटास र यसअघि नै क्षेत्रगत शुल्क लागिरहेका केही सामानमा भने लागू नहुने जनाइएको छ । यद्यपि युएसएमसिएअन्तर्गत पर्ने अन्य क्यानाडाली उत्पादन प्रभावित हुने थिए । *रासस⁄एएफपी*

**कतारमा रोजगार**

कम्पनी : KLEMANS GRILL
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346534 | चलानी नं. ६०२५९८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 3 | 0 | 1300 | ५४,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dishwasher | 2 | 1 | 1000 | ४१,८६० | | | | | | | |
| 3. | Waiter | 0 | 4 | 1400 | ५८,६०५ | | | | | | | |

कम्पनी : KEBAB YAKYAKI RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०४/०३ | LT. No. 346535 | चलानी नं. ६०२५९८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 2 | 0 | 1300 | ५४,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dishwasher | 1 | 1 | 1000 | ४१,८६० | | | | | | | |
| 3. | Waiter | 0 | 2 | 1400 | ५८,६०५ | | | | | | | |

कम्पनी : Al Shaheen Establishment For Selling Home Appliances,artificial Roses
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346747 | चलानी नं. ६०२५९८८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 3 | 0 | 1900 | ७९,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesperson (Male) | 27 | 0 | 1300 | ५४,४१९ | | | | | | | |

कम्पनी : Al Sultana for Hospitality Cleaning and Services
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346748 | चलानी नं. ६०२५९९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 0 | 5 | 1000 | ४१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 1300 | ५४,४१९ | | | | | | | |

कम्पनी : Kidz Kutz Salon
पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346786 | चलानी नं. ६०२५९९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 3 | 2 | 1700 | ७१,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 1200 | ५०,२३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ११ गते (27th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80

SAAD OVERSEAS PVT.LTD.

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०४१०० | प्रति तोला – ० | प्रति तोला – ४५९५ |



**पर्यटकीय सुन्तले** | भोजपुर सदरमुकामबाट नजिकै पर्ने पर्यटकीय क्षेत्र सुन्तले र बाघखोर । यो क्षेत्र भोजपुर बजारबाट करिब १२ किलोमिटर दूरीमा रहेको यस क्षेत्रमा पछिल्लो पटक आन्तरिक पर्यटकहरू आउने क्रम बढ्दो छ । *तस्बिरः युवराज विष्ट/रासस*

# विद्युत् पहुँचयुक्त कर्णाली बनाउँदै छौं : मन्त्री श्रेष्ठ

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले राष्ट्रिय ग्रिड विस्तारसँगै स्थानीयस्तरमा लघु जलविद्युत्, सौर्य मिनीग्रिड र घरेलु सौर्य प्रणाली विस्तार गरेर विद्युत् सेवायुक्त कर्णाली बनाउन सरकार लागिपरेको बताएका छन् ।

राष्ट्रियसभाको बैठकमा बुधबार उनले मन्त्रालयसँग सम्बन्धित प्रश्नको उत्तर दिँदै हालसम्म वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कर्णालीमा २०९ वटा लघु तथा साना जलविद्युत् आयोजनाबाट छ हजार ७१९ किलोवाट विद्युत् उत्पादन भई ६४ हजार २३१ घरधुरी लाभान्वित भएका अवगत गराए ।

त्यस्तै, २३ वटा सौर्य मिनीग्रिडबाट एक हजार ७०९ किलोवाट विद्युत् उत्पादन भई पाँच हजार ३९१ घरधुरीमा विद्युत् पहुँच पुगेको उनले बताए ।

मन्त्री श्रेष्ठले भने, 'कर्णालीका कूल ७१८ वडामध्ये ८२ वडा पूर्ण रूपमा, ४७२ वडा आंशिक रूपमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युतीकरण भएका छन् भने १६४ वडामा अझै राष्ट्रिय प्रसारण लाइन पुग्न बाँकी छ । सरकारले यसलाई केवल तथ्यांकको विषय नभई नागरिकको आधारभूत सेवा र सामाजिक न्यायसँग जोडिएको दायित्वका रूपमा लिएर आगामी कार्ययोजना अगाडि बढाइरहेको जानकारी गराउँदछु ।'



'कर्णालीका कूल ७१८ वडामध्ये ८२ वडा पूर्ण रूपमा, ४७२ वडा आंशिक रूपमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युतीकरण भएका छन् भने १६४ वडामा अझै राष्ट्रिय प्रसारण लाइन पुग्न बाँकी छ । सरकारले यसलाई केवल तथ्यांकको विषय नभई नागरिकको आधारभूत सेवा र सामाजिक न्यायसँग जोडिएको दायित्वका रूपमा लिएर आगामी कार्ययोजना अगाडि बढाइरहेको जानकारी गराउँदछु ।'

■ **विराजभक्त श्रेष्ठ**
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्मिलित कार्यदलले २०७९ सालमा कर्णालीमा विद्युतीकरण हुन बाँकी एक लाख १ हजार १८७ घरधुरी तथा भौगोलिक क्षेत्र पहिचान गरी 'लास्ट माइल विद्युतीकरण योजना' तयार गरी कार्यान्वय भइसकेको अवस्था उनले बताए ।

कर्णाली प्रदेशमा प्रसारण तथा सबस्टेशनतर्फ पनि महत्वपूर्ण काम भइरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले भने, '१३२ केभी सुर्खेत सबस्टेशन हाल सञ्चालनमा आइसकेको छ । ३२ किलोमिटर लामो डबल सर्किट १३२ केभी सुर्खेत-दैलेख प्रसारण लाइन निर्माणाधीन र आगामी असार महिनाभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।'

वैकल्पिक ऊर्जातर्फ पनि सरकारले समानान्तर रूपमा काम अघि बढाइरहेको बताउँदै उनले एसियाली विकास बैंकको ऋण सहयोगमा आठ मेगावाट क्षमताको ग्रिड कनेक्टेड सौर्य विद्युत् आयोजना सुरु गरिएको उल्लेख गरे । 'यसका लागि दैलेख, रुकुम पश्चिम र जुम्लामा जग्गा छनोट भइसकेको छ । साथै, दुर्गम वडाहरूमा सोलार होम सिस्टम, साना जलविद्युत् तथा सोलार मिनीग्रिड निर्माणका लागि बजेटसमेत विनियोजन गरी कार्यक्रम सञ्चालन भइरहेको निवदेन गर्दछु', उनले भने ।

अब कर्णाली 'विद्युत् पहुँच पुगेको प्रदेश' मात्र होइन, विश्वसनीय, गुणस्तरीय र दिगो विद्युत् सेवा पुगेको प्रदेश बन्ने दिन धेरै टाढा नभएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले त्यसका लागि कर्णाली प्रदेश विद्युतीकरण आयोजनालाई दुई चरणमा अघि बढाउने योजना रहेको जानकारी दिए ।

# बुटवल धागो कारखाना पुनः सञ्चालनमा ल्याउन अध्ययन सुरू

■ दामोदर खनाल

**बुटवल–** २०६६ सालदेखि पूर्णरूपमा बन्द रहेको बुटवलको धागो कारखाना सरकारले पुनः संचालनमा ल्याउने तयारी गरेको छ । वर्तमान सरकार गठन भएसँगै यो धागो कारखाना पुनः संचालनमा ल्याउने मन्त्री परिषद्को निर्णय अनुसार यो धागो कारखाना संचालनमा ल्याउन सकिन्छ कि सकिँदैन भनेर सोधखोज, अनुसन्धान सुरू भएको छ ।

वि.सं. २०३९ सालमा स्थापनाभई २०४७ सालमा स्थापना भएको यो उद्योग नेपालकै पहिलो आधुनिक धागो उत्पादन गर्ने उद्योग हो । २०४८ मंसिर २७ गते तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालालले उद्घाटन गरेको उक्त उद्योगले आधुनिक धागो उत्पादन सुरु गरेको थियो । जहाँ प्रत्यक्ष रूपमा करिव एक हजार जनाले रोजगार पाएका थिए । यो कारखाना कच्चा पदार्थको अभाव, राजनीतिक प्रभाव र कर्मचारी आन्दोलनका कारण संचालनमा रहेकै अवस्थामा बन्द भएको थियो ।

वर्तमान सरकार यो कारखाना पुनः संचालनमा ल्याउने तयारीमा छ । एशियाली विकास बैकले ५ जना टोली नियुक्ति गरेको छ । अर्थमन्त्रालयबाट खटाईएको टोलीले असार र साउनमा गरि २ पटक धागो कारखाना अवलोकन गरिसकेको छ ।

अर्थ मन्त्रालयबाट आएको टोलीलाई खोजेका डकुमेन्ट उपलब्ध गराएको बुटवल धागो कारखानाका सहायक महाप्रबन्धक डोलराज शर्मा बताउदै भन्छन्, 'मर्मत सम्भार गरि नयाँ प्रबिधि समेत जोडेर अगाडि बढ्न आवश्यक छ । असम्भव भन्ने हुदैन बिज्ञ टोलीले प्रतिवेदन तयार गर्दै छ त्यसपछि एउटा निश्कर्षमा पुग्ला ।' धागो कारखानाका लागि कच्चापदार्थ खजुराबाट ५/७ प्रतिशत आउने गरेपनि मुख्य कच्चापदार्थ भारत, ईण्डोनेसिया, थाईल्यान्डबाट आउने गरेको सहायक महाप्रबन्धक शर्माले जानकारी दिए ।

> सरकारले कारखाना पुनः संचालनमा ल्याउने तयारीमा छ । एशियाली विकास बैकले ५ जना टोली नियुक्ति गरेको छ । अर्थमन्त्रालयबाट खटाईएको टोलीले असार र साउनमा गरि २ पटक धागो कारखाना अवलोकन गरिसकेको छ ।

स्थापनाकालदेखि कारखानामा कार्यरत कर्मचारी सुदर्शन यादव हाल उद्योग रेखदेखको लागि कार्यरत नै छन् । उनी भन्छन्, 'अब यो उद्योग पुरानै तरिकाले सञ्चालन गर्न सहज नभएकाले नयाँ आधुनिक परिवेश अनुसार आधुनिक प्रविधि जोडेर सञ्चालनमा ल्याउन सकिने र कतिपय मेसिन मर्मत सम्भार गर्न आवश्यक छ ।'

सञ्चालन भईरहेको धागो कारखाना राजनीतिक अस्थिरता, राजनीतिक खिचातानी, माओवादी द्वन्द्व, कर्मचारी हड्ताल जस्ता कारणले बन्द हुन पुगेको उनले वताए ।

यो कारखाना बन्द हुँदा यस क्षेत्रमा रहेका थुप्रै दक्ष मजदुर कर्मचारीहरू प्रभावित भएका थिए । राम्रो बलियो र गुणस्तरीय धागो उत्पादन गर्दा गर्दै पनि व्यवस्थापनको कमजोरीले पटक-पटक बन्द हुने संचालन हुने गरेको यो उद्योग पुन संचालनमा ल्याउँदा धेरै राम्रो हुने बताउँछन् बुटवलका उद्योगी व्यवसायी । यो उद्योग सञ्चालन गर्न सरकारले नीजि क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न जरुरी रहेको उद्योगीहरूको भनाई छ ।

२०३९ सालमा स्थापना भएको नेपालकै महत्वपूर्ण बुटवल धागो कारखानाले झण्डै ८ वर्षपछि २०४७ /०४८ सालबाट नियमित उत्पादन सुरु गरेको थियो । २०६६ सालमा ४०२ जना कर्मचारीलाई 'पे-अफ' गरेर बिदा दिएपछि त यो उद्योगको उत्पादनदेखि सम्पूर्ण काम बन्द नै छ । हाल यहाँ करोडौं मूल्य पर्ने महत्वपूर्ण उपकरणहरू त्यसै थन्किएका छन् । महत्वपूर्ण धागो रंगाउने उपकरण त सञ्चालनमा नआउँदैदेखि नै थन्किएको हो ।

बुटवलकै गहनाको रूपमा रहेको बुटवल धागो कारखाना पुनः सञ्चालनमा ल्याउने हो भने कुशल व्यवस्थापन र नयाँ प्रविधि आवश्यक छ । पटक-पटक नीजि क्षेत्रलाई सञ्चालन गर्न दिने चर्चा पनि चर्चामै सिमित रहेको छ । यो धागो कारखाना खजुरामा कपास उद्योग, बुटवल धागो उद्योग र हेटौंडामा कपडा उद्योगको अवधारणासहित स्थापना भएको हो । उद्योग पुनः सञ्चालनमा आए सयौं सीप सिकेका मजदुरले पनि काम पाउने देखिन्छ तर आधुनिक प्रविधिको प्रयोग विना नाफा आर्जन गर्न सकिँदैन । मुलुककै ठूलो गुणस्तरीय धागो उत्पादन गर्ने क्षमता भएको यो धागो कारखानालाई सञ्चालनमा ल्याउन सरकारले स्पष्ट योजना वनाउन जरुरी छ ।

# एक वर्षमा १४ करोडको जडीबुटी निर्यात

■ प्रभाव संवाददाता

**झापा–** एक वर्षमा रु १४ करोड छ लाख ८३ हजारको जडीबुटी निर्यात भएको छ । काँकडभिट्टाबाट भारत र बंगलादेशतर्फ १२ थरीका कूल एक हजार १०८ मेट्रिक टन जडीबुटी निर्यात भएको हो ।

भारततर्फ ४२२ मेट्रिक टन तेजपात निर्यात भई रु दुई करोड ६६ लाख ६४ हजार र बंगलादेशतर्फ २६९ मेट्रिक टन चिराइँतो निर्यात हुँदा रु छ करोड ५६ लाख ३५ हजार आम्दानी भएको पूर्वी भन्सार नाका काँकडभिट्टाका प्रमुख नन्दकिशोर सिंहले बताए । नेपाली जडीबुटीको परम्परागत बजार भारत हो । पछिल्लो समय बंगलादेशतर्फ रिठ्ठा, क्यानोला तेल, सतावर, मजिठो र जटामसीलगायतका जडीबुटीको निकासी बढेको छ ।

यस अवधिमा बंगलादेशतर्फ १८७ मेट्रिक टन रिठ्ठा (रु दुई करोड तीन लाख ८६ हजार), ४० मेट्रिक टन क्यानोला तेल (रु एक करोड २८ लाख ३६ हजार) र पाँच मेट्रिक टन सतावर (रु ९४ लाख ५६ हजार) निर्यात भएको छ । कम परिमाणमा निर्यात भए पनि हिमाली तथा पहाडी क्षेत्रमा पाइने पदमचाल र सतावरले निकै राम्रो बजार मूल्य पाएका छन् । १२ मेट्रिक टन पदमचालबाट रु ९४ लाख ८८ हजार र पाँच मेट्रिक टन जटामसीबाट रु ६३ लाख ८० हजार आम्दानी भएको छ ।

यसबाहेक २६ मेट्रिक टन चुत्रो (रु ११ लाख ४१ हजार), २२ मेट्रिक टन नागबेली पाउडर (रु १० लाख १८ हजार), आठ मेट्रिक टन अमला (रु आठ लाख ६७ हजार) र दुई मेट्रिक टन टिमुर (रु आठ लाख) निर्यात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाले जनाएको छ । स्वदेशी जडीबुटीको प्रशोधन र बजारीकरणमा सरकारी तवरबाट थप सहजीकरण हुन सके पूर्वी नाकाबाट जडीबुटी निर्यात अझै बढाउन सकिने सरोकारवालाहरू बताउँछन् ।

# साउनमा मात्रै ५७ हजार मेट्रिक टन ग्यास आयात

**काठमाडौं (प्रस)–** गत साउन महिनामा मात्रै ५७ हजार मेट्रिक टन बढी एलपी ग्यास आयात भएको छ । नेपाल आयल निगमका अनुसार पछिल्लो पाँच महिनामध्ये साउनमा सबैभन्दा बढी ग्यास आयात भएको हो ।

निगमका अनुसार गत साउनमा ५७ हजार ३१६ मेट्रिक टन ग्यास आयात भएको छ । गत असारमा ४४ हजार ५४४, जेठमा ३२ हजार ८४२, वैशाखमा ३२ हजार ५६ र चैतमा ३८ हजार ७९९ मेट्रिक टन ग्यास आयात भएको निगमका निर्देशक विनितमणि उपाध्यायले जानकारी दिए । साउनमा मात्रै देशभर ४० लाख ३६ हजार ३६४ थान सिलिण्डर बिक्री वितरण भएको निगमले जनाएको छ । असार महिनाका तुलनामा गत साउनमा करिब नौ लाख सिलिण्डर ग्यास बढी बिक्री भएको उनले जानकारी दिए ।

## कर्पोरेट

### टाटा कार्निभलको चौथो संस्करण आजदेखि

**काठमाडौं (प्रस)–** सिप्रदी ट्रेडिंगको आयोजनामा टाटा कार्निभलको चौथो संस्करण हुने भएको छ । आजदेखि सुरु हुने कार्निभलमा पुराना गाडीसँग हालै नेपालमा लन्च गरिएको नयाँ पन्च इभी र नयाँ टियागो इभिसंग साट्न सकिने कम्पनीले जनाएको छ । पुरानो गाडीलाई डाउनपेमेन्टको रूपमा राखेर टाटा मोटर्सको नयाँ गाडीहरू लैजान सकिने कम्पनीले जनाएको छ ।




योजना अवधिभर टाटाका गाडी बुकिङ गर्ने प्रत्येक ग्राहकले बेस्ट एक्सचेन्ज भ्यालुएसन, आजीवन निःशुल्क डीसी फास्ट चार्जिङ, एक वर्षको सवारी कर छुट र निःशुल्क एसेसोरिज र निःशुल्क होम चार्जिङ जडान जस्ता विशेष सहुलियतहरू प्रदान गरेको छ ।

'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को अवसर पारेर नयाँ 'पन्च इभी' र नंया टियागो इभि विशेष अफरसहित सार्वजनिक गरिएको थियो। नयाँ पन्च इभीको सुरुवाती मूल्य ३३ लाख ९९ हजार रूपैयाँ निर्धारण गरिएको छ भने नयाँ टियागो इभिको सुरुवाती मूल्य २८ लाख ९९ हजार रूपैयाँ रहेको छ ।

अत्याधुनिक 'एक्टि इभि' प्लेटफर्ममा आधारित नयाँ पञ्च ईभीमा ३२ पध्ज र ४० किलोवाट क्षमताका दुई ब्याट्री विकल्पमा उपलब्ध छन्, जसले नेपालको बाटोमा गरिएको परीक्षण अनुसार एकपटकको फुल चार्जमा ३०० देखि ३२५ किलोमिटरसम्मको रेन्ज दिन्छन् । यस मोडलमा १९५ एमएमको उच्च ग्राउन्ड क्लियरेन्स, बीएनक्याप ५-स्टार सुरक्षा रेटिङ, ६ वटा एयरब्याग, ३६० डिग्री क्यामेरा, १.५ सी डिसी फास्ट चार्जिङ, भ्वाइस एक्टिभेटेड सनरूफ, २६.०३ सेन्टिमिटरको हर्मन इन्फोटेनमेन्ट तथा डिजिटल ककपिट, भेन्टिलेटेड सिट र ३६६ लिटरको बुट स्पेस समावेश गरिएको छ । दैनिक आवतजावतलाई सहज बनाउन ल्याइएको नयाँ टियागो ईभीमा नयाँ लुक्स, आकर्षक रङ, ३६० डिग्री एचडी क्यामेरा प्रणाली, २६.०३ सेन्टिमिटरको इन्फोटेनमेन्ट र ६ वटा एयरब्याग जस्ता सुरक्षा सुविधाहरू छन् ।

### एनसेलको अन्तर्राष्ट्रिय आउटगोइङमा ६० सेकेन्ड पल्स दर लागू

Ncell

**काठमाडौं (प्रस)–** एनसेलले अन्तर्राष्ट्रिय आउटगोइङ कलमा पल्सदर परिवर्तन गरेको छ । एनसेलले मंगलबारबाट लागू हुने गरी १९८ गन्तव्य मुलुकहरूका लागि आफ्नो अन्तर्राष्ट्रिय आउटगोइङ् अर्थात बहिर्गमन कलको पल्स दर परिवर्तन गरेको हो । कम्पनीले नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको साउन २२, २०८३ को स्वीकृति बमोजिम ६० सेकेन्डको नयाँ पल्स दरमा लागु गरेको हो ।

दूरसञ्चार ऐन २०५३ को दफा ४२ अनुसार प्राधिकरणले एनसेलको नयाँ पल्स दरका लागि निर्णयानुसार स्वीकृति प्रदान गरेको हो ।

प्राधिकरणको स्वीकृति बमोजिम अब अष्ट्रेलिया, बहराइन, क्यानडा, अमेरिका, चीन, फिनल्याण्ड, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, हङकङ, ईटाली, जापान, साउथ कोरिया, लेवनान, मलेसिया, न्युजिल्याण्ड, नर्वे, पाकिस्तान, पोल्याण्ड, कतार, रसिया, रोमानिया, साउदी अरेयिबा, सिङ्गापुर, साउथ अफ्रिका, स्पेन, स्वीडेन, स्विटजरल्याण्ड, ताइवान, थाइल्याण्ड, टर्की, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, मेक्सिको, लिबियालगायतका गन्तव्य मुलुकहरूमा यो नयाँ पल्स दर लागु भएको छ ।

# नेप्से सामान्य अंकले घट्यो

## ०.२६ अंकले घट्दा सवा तीन अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार झिनो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव २६ अंकले घटेर दुई हजार ६२२ दशमलव २२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ०८ अंकले घटेर ४६१ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ०२ अंकले घटेर १७९ दशमलव ९५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने स्थिर रहँदै १५५ दशमलव ७५ मा पुगेको छ ।




विभिन्न कम्पनीका ९५ लाख आठ हजार ८८२ कित्ता सेयर रु तीन अर्ब २९ करोड ८० लाख १९ हजार ५७१ मूल्यमा खरिद बिक्री भएको छ । आज १३ उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घटेको छ । १११ कम्पनीको शेयर बढ्यो भने १४९ कम्पनीको शेयर घट्यो । त्यसैगरी १८ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार सर्वोत्तम पेन्ट्स इन्डिष्ट्रज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट कम्पनी र आरबिबी म्युचुअल फण्डका लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी मनकामना इन्जिनियरिङ हाइड्रोपावर कम्पनी, आइसिएफसी डिबेञ्चर, सन्राइज ब्लुचिप फण्डका लगानीकर्ताले गुमाएका छन् ।


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल **फोन नं.**: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ